- मदिरा तथा सुर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं।
- मदिरा तथा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
- कानूनको पूर्णरूपमा पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत २४ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 07 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१७

# गुठीको जग्गा हुनेखाने व्यक्तिहरूको कब्जामा

आरके पटेल, वीरगंज, २३ चैत/

बारा, पर्सा, रौतहटमा रहेका गुठी संस्थानका हजारौं बिघा जग्गा वास्तविक अंशियारले भन्दा हुनेखाने व्यक्तिहरूले विभिन्न प्रपञ्च रचेर कब्जामा लिएका पाइएको छ।

गाउँका हुनेखाने अगुवाहरूले तत्कालीन अवस्थामा कौडीको मूल्यमा गुठीका जग्गाहरू कब्जा गरी आफ्नो नाममा ठेक्का लिएको र सो जग्गा उनीहरूले खनजोत नगरी अरूलाई भाडामा खनजोत गर्न दिएको पाइएको छ। उद्देश्यविपरीत गुठीका जग्गामा कामकाज भएपनि सरोकारवाला निकायले केही गर्न सकेको छैन। गुठी संस्थानमा नेपाल सरकारले राजनीतिक दबाबमा करार र दैनिक ज्यालादारीमा कर्मचारीहरू तथा सञ्चालक समितिका सदस्यहरू नियुक्त गर्दा नियमविपरीत जग्गाहरू ठेक्का दिने गरिएको छ।



गुठीको अतिक्रमित जग्गामा किल्लाखुँटी गाड्दै। तस्वीरः फाईल

गुठी संस्थान, वीरगंजले जग्गाको विवरणमा उपलब्ध गराउँदा पर्सा, बारा, रौतहटमा रहेका गुठीका जग्गालाई प्रतिवर्ष प्रतिबिघा १० मन कुतबाली बुझाउने शर्तमा ठेक्का लगाएको पाइएको छ। त्यतिमात्र होइन, वीरगंज महानगरस्थित गुठीका महँगा जग्गा वीमनपा–१६ इनर्वास्थित पाँच बिघा छ कट्ठा तथा पिपरा–नौतन–बहुअरीस्थित पाँच बिघा छ कट्ठा जग्गा ३० वर्षको लागि लिजमा दिएको देखेर सञ्चालक समितिले कतिसम्म अनियमितता गरेको छ, स्पष्ट बुझ्न सकिन्छ।

देशमा धेरै कानून बने तर ठेक्का प्रक्रिया २०३३ सालको ऐन अनुसार नै दिने गरेको पाइएको छ। नेपाल सरकारले २०३३ सालपछि २०७७ मा गुठी जनशक्ति परिचालन तथा २०७८ मा गुठी तैनाथी घरजग्गा लिजमा दिने नियम बनाएको देखिन्छ। तर जग्गाको स्थलगत मूल्याङ्कन नगरी पुरानो ऐनको भरमा जग्गाको मूल्याङ्कन गरी ठेक्का लगाउँदा संस्थानलाई बर्सेनि लाखौं रुपियाँ घाटा हुने गरेको छ।

स्रोत भन्छ– गुठीको जग्गा हडप्न केही समूह अहिले पनि सक्रिय छन्, उनीहरूलाई संस्थानका कर्मचारीहरूले तथ्याङ्क दिने गरेका छन्।

## कसरी भयो गुठी जग्गाको विकास ?

आफ्नो सभ्यता, संस्कृति, संस्कारको रक्षार्थ मानव समाज विकासको क्रममा गुठीप्रथा आएको हो। सभ्यता, संस्कृति र संस्कारको संरक्षण एवं संवर्द्धनका लागि पूर्वजहरूले मठमन्दिर, धर्मशाला, पाटी–पौवा, बाटोघाटो, हिटी, धारा, कुवा स्थापना गर्दा तथा पूजा, जात्रा आदिको व्यवस्थापनलगायत तीर्थयात्री, जोगी, सन्न्यासी, गरीबगुरुवालाई सीधा हण्डी र सार्वजनिक अस्पताल, विद्यालय आदि परोपकारी र सामाजिक कार्य सञ्चालनको लागि पुर्खाहरूले जीवनभरको कमाइबाट चलअचल सम्पत्ति स्वेच्छाले छुट्याएका जग्गा नैं गुठी हो। गुठी भनेको जग्गा जमीन वा भोगको विषय होइन। यो कला, संस्कृति, परम्परा र धर्मको समग्र रूप हो, राष्ट्रको पहिचान हो, समाजको जीवनपद्धति हो। बिस्तारै परिवर्तित समय अनुसार ती जग्गाहरू व्यवस्थापनका लागि सरकारले कानून बनाउँदै परिमार्जन गर्दै यहाँसम्म पुगेको देखिन्छ।

## विगतमा व्यक्तिगत बनाइएको गुठीका जग्गाको विवरण

बिरुवागुठीमा एक हजार ४३७ बिघा १४ कट्ठा १७ धुर, पोखरियामा ३६४ बिघा १४ कट्ठा, बसडिलवामा २२२ बिघा ९ कट्ठा, बर्वाभोगमा २६० बिघा सात कट्ठा, विरञ्चीबर्वामा पाँच सय बिघा एक कट्ठा, बागेश्वरी तित्रौनामा ४५६ बिघा १० कट्ठा, बहुअर्वाभाठामा २०२ बिघा १३ कट्ठा, हरपुरमा २१९ बिघा १५ कट्ठा, महुवनमा एक हजार ५३ बिघा आठ कट्ठा जग्गा व्यक्तिगत बनाइएका छन्। यसैगरी, मधुवन मथवलमा ८३८ बिघा १९ कट्ठा, झौवागुठीमा ४४९ बिघा, सुगौलीमा १६७ बिघा १२ कट्ठा, प्रसौनीबिर्तामा ३५४ बिघा १४ धुर, लखनपुरमा ३३७ बिघा ११ कट्ठा, अमरपट्टीमा ३०६ बिघा दुई कट्ठा, बगहीमा १६२ बिघा सात कट्ठा, निचुटामा ३२ बिघा एक कट्ठा, पटेर्वासुगौलीमा १६१ बिघा १३ कट्ठा, रामगढवामा ३६ बिघा जग्गा व्यक्तिगत बनाइएका छन्।

## पोखरीको ठेक्का

हरिहरपुर, मौवाही पोखरी (तीन बिघा पाँच कट्ठा आठ धुर), गोलागंज इसरापोखरी (छ बिघा १६ कट्ठा), हरिहरपुर सुखीपोखरी (दुई बिघा १६ कट्ठा), अमृतगंज पोखरी (दुई बिघा १६ कट्ठा), हरिहरपुर पोखरी (१५ बिघा नौ कट्ठा), महुवन पोखरी (पाँच बिघा १७ कट्ठा), झौवागुठी पोखरी (दुई बिघा १६ कट्ठा), मानिकपुर सुर्जाहा पोखरी (चार बिघा १९ कट्ठा)को ठेक्का लागेको छ।

## गुठीको जग्गा ठेक्का र विवाद

गुठी संस्थान, वीरगंज अन्तर्गत पर्ने बारा, पर्सा, रौतहटभित्र गुठीका एक हजार पाँच सय बिघा गुठीतैनाथी (मोही नलाग्ने) जग्गा कौडीको मूल्यमा ठेक्का दिइएको र अधिकांश ठेक्कामा विवाद रहेको देखिन्छ।

सखुवाप्रसौनी गापाको महुवनमा १९ बिघा १६ कट्ठा आठ धुर जग्गा महन्तको विवादले ठेक्का लागेको छैन। बिरुवागुठीमा ३०८ बिघा जग्गा अतिक्रमणमा परेको र सो जग्गाबाट कुनै राजस्व आउँदैन। बगहीमा ३० बिघा १२ कट्ठा जग्गा प्रतिमन १० बिघाको दरले ठेक्का लागेको छ भने सोही गाउँमा २२ बिघा छ कट्ठा १४ धुर जग्गा वार्षिक १० देखि २८ मनमा ठेक्का लागेको छ। लालपर्सामा एक बिघा आठ कट्ठा, बर्वाभोगमा सात बिघा एक कट्ठा, वीरगंजको इनर्वामा पाँच बिघा छ कट्ठा तथा पिपरा–नौतन–बहुअरीमा पाँच बिघा छ कट्ठा जग्गा ३० वर्षको लागि लिजमा दिइएको देखिन्छ। सुर्जाहामा २५ बिघा १० कट्ठा जग्गा ठेक्कामा लागेको छ भने लहावरथकरीमा दुई बिघा, विरञ्चीबर्वामा आठ कट्ठा, पकाहामैनपुरमा दुई बिघा १६ कट्ठा नौ धुर, परशुरामपुरमा चार बिघा दुई धुर, औराहामा १० बिघा मोही विवादमा परेका छन्। त्यस्तै, सतवरियामा आठ कट्ठा १५ धुर, वसन्तपुरमा तीन बिघा तीन कट्ठा, हरिहरपुरमा १६ बिघा दुई कट्ठा १३ धुर जग्गा मोही विवादका कारण ठेक्का लागेको छैन।

त्यसैगरी, बाराको अमृतगंजमा ३४ बिघा पाँच कट्ठा आठ धुर जग्गा व्यक्तिले कब्जा गरेको छ। हरिहरपुरमा १३ बिघा चार कट्ठा १५ धुर जग्गा ठेक्का लागेको छ भने सोही गाउँमा ४१ बिघा १४ कट्ठा तथा २१ बिघा १९ कट्ठा जग्गामा मोही विवाद छ। कोतवालीमा एक बिघा आठ कट्ठा जग्गाको ठेक्का लागेको छ। अमृतगंजमा नौ बिघा १० कट्ठा जग्गा व्यक्तिले अतिक्रमण गरेको छ।

## गुठी अधीनस्थ जग्गाको विवरण

लालपर्सामा ११ बिघा १८ कट्ठा १२ धुर, मनियारीमा एक बिघा १२ कट्ठा १० धुर, चोर्नीमा दुई बिघा सात कट्ठा छ धुर, मजहिया पिपरामा दुई कट्ठा १४ धुर, नौतनमा एक बिघा दुई धुर, महुवनमा २३ बिघा १२ कट्ठा, बाराको भवानीपुर–जीतपुरमा एक कट्ठा १२ धुर, उचिडिह–गोलागंजमा १६ बिघा पाँच कट्ठा एक धुर, बेनौलीमा दुई बिघा १६ कट्ठा, पकडियामा आठ बिघा, इनर्वामालमा एक बिघा आठ कट्ठा चार धुर, अमृतगंजमा एक बिघा आठ कट्ठा, हरिहरपुरमा नौ कट्ठा १० धुर, बिसुनपूर्वामा तीन बिघा आठ कट्ठा, रौतहटको वसन्तपट्टीमा सात बिघा १५ कट्ठा, रङ्गपुरखापमा एक बिघा पाँच कट्ठा, धरहरीमा एक बिघा छ कट्ठा जग्गा गुठी अधीनस्थ रहेका छन्।

# गापाध्यक्षले अनियमितता गरेको उपाध्यक्षको आरोप

प्रस, वीरगंज, २३ चैत/

सखुवाप्रसौनी गाउँपालिकाकी उपाध्यक्ष शर्मिला विष्टले बिहीवार जिल्ला समन्वय समिति, पर्सामा पत्रकार सम्मेलन गरी गापाध्यक्ष जसवन्त यादवले प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहसँगको मिलेमतोमा ११ महीनामा गरेको अनियमितताको पोल खोलेकी छन्।



पत्रकार सम्मेलनमा बोल्दै गापा उपाध्यक्ष शर्मिला विष्ट। तस्वीरः प्रतीक

उनले गापाध्यक्षमा निर्वाचित भएको ११ महीनामा ७० लाख रुपैयाँको इन्धन खर्चेको, आफ्ना आसेपासे १०३ जनालाई कर्मचारीमा भर्ना गरेको र ठेक्कापट्टामार्फत लाखौं रुपैयाँ अनियमितता गरेको पत्रकार सम्मेलनमा आरोप लगाइन्। उनले प्रमुख प्रशासकीय अधिकृतले भाडाको गाडी चढ्दै आएको, उपाध्यक्षले खर्च गर्ने बजेट पनि आफ्नो भाइमार्फत कमिशन लिएर काम गराउँदै आएको र सखुवाप्रसौनीमा भइरहेका विकास निर्माणका काममा कमसल निर्माण सामग्रीको प्रयोग भइरहेको आरोप पनि लगाइन्। उनले यसखाले बेथितिको विरोध आफूसमेत बहुमत कार्यपालिका सदस्यहरूले गरेको र अनियमितताविरुद्धका सूचनाहरू माग गर्दा प्रमुख प्रशासकीय अधिकृत साहले आफूलाई दिन नमानेको आरोप लगाइन्।

उपाध्यक्षसँग पनि सूचना लुकाउने प्रमुख प्रशासकीय अधिकृतले सर्वसाधारणलाई झन् कति दुःख दिएका होलान् सहज अनुमान लगाउन सकिने उनले बताइन्। उनले गापाध्यक्ष यादवले पत्नी पूनम यादवलाई कार्यपालिका सदस्यहरूको निर्णयबेगर जागीरमा राखेको आरोप पनि लगाइन्। उनले कार्यपालिका सदस्यहरूको बैठक बोलाउन बारम्बार ताकेता गर्दै आएको तर अहिलेसम्म आलटाल गरिएको बताइन्।

वडाध्यक्ष अशेश्वर यादवले कार्यपालिकाका १४ जना सदस्यमध्ये नौजनाको भेला बसेको र गापाध्यक्षको मनोमानीपूर्ण कार्यशैलीको विरोधमा आन्दोलन गर्ने चेतावनी दिए। उनले रकमी खेलमा कर्मचारी नियुक्त गरिएको आरोप लगाए। उनले गापाध्यक्ष यादवले विद्यार्थीहरूको खाजामा पनि कमिशन लिएको, मापदण्डविपरीत औषधि खरीद गरेको, सामाजिक विकास कार्यक्रमबाट पचास प्रतिशत कमिशन बुझ्दै आएको जस्ता आरोप पनि लगाए। उनले कार्यपालिकाको निर्णयविना नै महुवन माविका प्रअ भरत गिरीलाई सरुवा गरिएको, जिन्सी र योजनाको जिम्मेवारी करारका कर्मचारीहरूलाई दिएको जस्ता बेथितिका कामहरू गर्दै आएका कारण अध्यक्ष यादवविरुद्ध एकजुट हुनुपरेको बताए।

पत्रकार सम्मेलनमा सांसद राजकुमार गुप्ता, प्रदेशसभा सदस्य प्रमोद जयसवाल, नेकाका नेता शैलेन्द्र यादव, वडाध्यक्षहरू मोजामिल मियाँ अन्सारी, महमद आरिफ अन्सारी, मुन्नाप्रसाद कस्कर, कार्यपालिका सदस्यहरू हसिना खातुन, महादेव साह कलवार, लालबहादुर उरावलगायतको सहभागिता थियो।

# गुठीको थप साढे नौ बिघा जग्गा महानगरले छुट्यायो

प्रस, वीरगंज, २३ चैत/

वीरगंज महानगरले गुठी संस्थानको अतिक्रमित जग्गामध्ये बिहीवार थप नौ बिघा १३ कट्ठा जग्गा छुट्याएर किलाखुटी गाडेको छ।



जग्गा छुट्याएर किलाखुटी गाड्दै वीमनपाको टोली। तस्वीरः प्रतीक

हिजोदेखि महानगरले गुठीको जग्गा छुट्याउने अभियान शुरू गरेको हो। अभियान अन्तर्गत आज अतिक्रमित नौ बिघा १३ कट्ठा जग्गा नापजाँच गरेर छुट्याइएको र किलाखुटी गाडेर सीमा निर्धारण गरेको महानगरले जनाएको छ। महानगरसँगै जोडिएको पर्सागढी नगरपालिका–४ भेडाहा टोलमा नौ बिघा

(बाँकी अन्तिम पातामा)

# पर्सागढीमा जनस्वास्थ्य प्रयोगशालाबाट सेवा शुरू

बलिराम शुक्ल, बिरुवागुठी, २३ चैत/







तस्वीरः प्रतीक

मधेस प्रदेश तथा स्थानीय सरकारबीचको सहकार्यमा पर्सागढी नगरपालिकामा जनस्वास्थ्य प्रयोगशालाले बिहीवारदेखि सेवा शुरू गरेको छ।

मधेस प्रदेश सामाजिक विकास मन्त्रालय र पर्सागढी नपाको सहकार्यमा रु ६० लाखको लागतमा बगवाना–२ मा स्थापित जनस्वास्थ्य प्रयोगशाला (ल्याब)को पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले आज उद्घाटन गरेका हुन्।

नगरप्रमुख पाठकले नागरिकलाई प्रमुख मानी उपलब्ध साधन–स्रोत प्रयोग गरी स्वास्थ्य सेवा दिन स्वास्थ्य कर्मचारीहरूलाई निर्देशन दिए। ल्याब सञ्चालनमा आएपछि पर्सागढीलगायत ग्रामीण भेगका स्थानीय अबदेखि स्वास्थ्य परीक्षणको लागि वीरगंजलगायत अन्य स्थानमा जानुनपर्ने, बढी खर्च र झन्झट पनि बेहोर्नुनपर्ने बताए। उनले प्रयोगशालाबाट न्यून शुल्कमा मधुमेह, उच्च रक्तचाप, कलेजो, फोक्सो, मिर्गौला, लिपिड प्रोफाइललगायत शरीरका अन्य अङ्गको परीक्षण गर्न सकिने बताए।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत छविरमण भट्टराई, वडाध्यक्षहरू वीरेन्द्रप्रसाददास थारू, नवलकिशोर साह, रामबढाई यादव, पूर्ववडाध्यक्ष वेदमनदास थारू, डा राजाबाबू गिरी, ल्याब टेक्निसियन अताउल्लाह अन्सारीले मन्तव्य व्यक्त गरेका थिए।

बगवाना स्वास्थ्य चौकी इन्चार्ज रजनेश पासवानले स्वागत र सहजीकरण पर्सागढी नपाका स्वास्थ्य प्रमुख नारायण पौडेलले गरेका थिए।

## विचारसार र सूक्तिहरू

**तिमी हाँस्छौ भने दुनियाँ तिम्रा साथ हाँस्छ। रुन्छौ भने एक्लै रुनुपर्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# जे गऱ्यो, ठीक गऱ्यो

**टेलिकमले अप्टिकल फाइबर केबल बिछ्याउँदा भत्काएको कालोपत्रे सडक र फूटपाथ निर्धारित समयमा मरम्मत गरेन। वीरगंज महानगरले ताकेता गरेपछि प्रमुख जिल्ला अधिकारीको रोहबरमा टेलिकमका अधिकारीले कागज गऱ्यो, तर पनि तोकिएको समयसम्म मरम्मतको सुरसार भएन। यसबीचमा महानगरका पदाधिकारीहरूले मौखिकरूपमा कैंयन आग्रह, अनुरोध तथा ताकेता गरेका खबर बाहिर आयो। अटेरीपन हद नाघेपछि महानगरले सडकको फोहोर टेलिकम प्रादेशिक कार्यालय, वीरगंज परिसरमा लगेर खन्याइदियो। त्यसकै भोलिपल्टदेखि टेलिकमले सडक मरम्मत शुरू गरेको छ। नगरको सुन्दरता तथा नगर व्यवस्थापनमा सडक र फूटपाथ मुख्यरूपमा आउँछन्। त्यसैले अतिक्रमित सडकपेटी खाली गराउन, फूटपाथका फोहोरमैला हटाउन, सडक व्यापारलाई विस्थापन गर्न विभिन्न अभियानहरू चलाइन्छन्। वीरगंज महानगरको बाइपास क्षेत्रका सडक र फूटपाथ अन्तर्राष्ट्रिय मापदण्डमा स्तरोन्नति गरिएको हो। एडिबीको सहयोगमा सघन सहकारी विकास योजना अन्तर्गत निर्मित उक्त सडक र फूटपाथ योजना सम्पन्न भएलगत्तै टेलिकमले भत्काएको हो। गण्डकदेखि बाइपास सडक हुँदै रजतजयन्ती चोकसम्म सात किलोमिटरमध्ये मर्मत हुन बाँकी तीन सय मिटरभन्दा बढी लम्बाइमा सडक तथा फूटपाथ भत्काइएका छन्।**

**अप्टिकल फाइबरको काम अझै पूरा नभएको भन्दै टेलिकमले मरम्मतमा आनाकानी गरिरहेको थियो। हुनत मरम्मत कार्य निर्माण कम्पनीले गर्ने हो। तर त्यो निर्माण कम्पनी टेलिकमको मातहत छ। उसले योजना सम्झौता टेलिकमसँग गरेको हो। त्यसैले उसले महानगरलाई टेर्दैन। पटकपटक थोरै परिमाणमा मरम्मत गर्नुभन्दा काम थालेपछि एकैपटक ठूलो परिमाणमा गर्दा निर्माण कम्पनीलाई फाइदा हुन्छ। जनशक्ति र उपकरणको प्रयोग एवं सामग्री खरीदमा पनि सजिलो। सोही अनुसार निर्माण कम्पनीले टेलिकमका अधिकारीलाई सहमत गराएको हुन सक्छ। तर एउटा निर्माण कम्पनीको स्वार्थले महानगरको अवस्था कुरूप राख्न मिल्दैन।**

**भत्काइएका सडक र फूटपाथका कारण सो क्षेत्रमा सवारी चलाउनसमेत कठिन थियो। छारो-धूलो, हिलोमैलोले बाइपास क्षेत्र ग्रस्त छ। सडक स्तरोन्नतिभन्दा पहिले निकै सास्ती भोगेको उक्त क्षेत्रले निर्माण सम्पन्न लगत्तै टेलिकमको कारण पुनः समस्या भोग्नुपर्ने नागरिक स्वास्थ्यमाथिको खेलबाड हो। टेलिकमका हरेक सेवा उपभोक्ताले पैसा तिरेर उपभोग गरिरहेका छन्। यसको निम्ति टेलिकमले पनि आफ्नो सेवा विस्तार एवं गुणस्तरीय बनाउने क्रममा सर्वसाधारणलाई समस्यामा पार्नुहुँदैन। टेलिकम मात्रै होइन, कुनै पनि सेवाप्रदायकले सर्वसाधारणलाई सेवा विस्तारको नाममा कुनै पनि किसिमको हैरानी दिनु कानूनविपरीत कार्य हुन्छ। हुनत भत्काएर समयमा निर्माण नगर्नेविरुद्ध कानूनी प्रक्रियामा पनि जान सकिन्थ्यो तर अदालतमा मुद्दाको चाङ यति भइसकेको छ कि नागरिकको अति सरोकारका मुद्दाहरू समयमा फछ्र्योट हुन गाह्रो छ। यसर्थ महानगरले जे गऱ्यो, ठीक गऱ्यो भन्नुको विकल्प छैन। मरम्मत शुरू भएको छ, निर्माण जुन मापदण्डमा भएको थियो, मरम्मत पनि सोभन्दा कमजोर नहोस्। अब आइन्दा जोसुकैलाई पनि भत्काउने अनुमति दिनुभन्दा पहिले समयमा मरम्मतको बलियो प्रत्याभूति लिइनुपर्छ भन्ने पाठ यसले सिकाएको छ। पटक-पटक भत्काउने र बनाउने कार्यलाई सकभर निरुत्साहित गर्नुपर्छ।**

# उत्तरी छिमेकीको हेपाहा प्रवृत्ति

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**नेपालका वामपन्थीहरू चीनको कुनै पनि प्रस्ताव विनासोचविचार सहज रूपमा र सहर्ष स्वीकार गर्दै आएका छन्। कम्युनिस्ट एकताको नाममा चीनको निर्देशनलाई सर्वोपरि मान्नेहरूले दूरगामी सोच राख्नु आवश्यक छ। दलीय स्वार्थपूर्तिका लागि राष्ट्रको व्यापक हितको उपेक्षा गर्नु बुद्धिमानी होइन।**

नेपाल आफैंमा एउटा सार्वभौम राष्ट्र हो। यसको आफ्नै अस्तित्व र अस्मिता छ। भौगोलिकरूपमा यो सानो देश भए पनि आफ्नो विविधता, सौन्दर्यता र प्राकृतिक संसाधनहरूका कारण यसले छुट्टै मौलिकता बोकेको छ। सनातन हिन्दू धर्म, संस्कृतिका अनुयायीहरूको बाहुल्य रहेको नेपालले डेढ दशक अघिसम्म विश्वको एकमात्र हिन्दू राष्ट्रको पहिचान बोकेको थियो। राजनीतिक दूरदर्शिता र चिन्तनको अभावका कारण क्षणिक आक्रोशमा आएर विनाकारण देशलाई धर्मनिरपेक्ष घोषित गर्ने काम भएको थियो। नेपालको धार्मिक मान्यता र सांस्कृतिक परम्परा विश्वकै सभ्य राष्ट्रहरूमध्ये एक हो। हामीले आफ्नो सनातन धर्म, संस्कृतिमाथि गर्व गर्न सक्नुपर्दछ। जनसङ्ख्या, क्षेत्रफल र आर्थिक सम्पन्नताका कारण देशहरू साना र ठूला हुन सक्दछ। यो सामान्य विषय हो तर यसैको आधारमा ठूलो देशले सानो देशको उपेक्षा गर्नु उचित होइन। उत्तरी छिमेकी चीन अहिले विश्वको उदाउँदो शक्ति राष्ट्र अवश्य हो, तर यसको अर्थ सानो देशको आत्मसम्मान र स्वाभिमानको कदर नै नहोस् भन्ने त होइन। उत्तरी छिमेकी चीनले नेपालप्रति देखाएको हेपाहा प्रवृत्तिका अनेकौं उदाहरण छन्। देशका वामपन्थी राजनीतिक दलहरूले उत्तरी छिमेकी चीनलाई गुण र दोषयुक्त मित्रराष्ट्रको रूपमा परिभाषित गर्नुपर्नेमा चीनले कहिले गलती नै गर्न सक्दैन भन्दै देवत्वकरण गरिदिएका छन्। यसकै परिणाम होला प्रत्येक दुई तीन महीनामा चिनियाँ नागरिकहरू नेपालमा आएर कुनै न कुनै अप्रिय घटना गराइरहेका हुन्छन्।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुङ्गाबीचको तरूलको संज्ञा दिनुको अर्थ नै उनले नेपालको क्षममताको विश्लेषण गरी दुवै छिमेकी राष्ट्रसित मित्रवत् सम्बन्ध कायम राखी अगाडि बढ्न उपदेश दिएका थिए। दुई विशाल छिमेकी राष्ट्र-भारत र चीनबीच एउटा स्वतन्त्र अस्तित्व भएको देशको रूपमा यसलाई अर्थ्याउन खोज्दै उनले नेपालले दुवै राष्ट्रबाट सन्तुलित सुविधा उपभोग गर्न सक्छ भन्ने सङ्केत गरेका थिए तर दुर्भाग्य २५५ वर्ष अघि उनले सिकाएको मूलमन्त्र हामी आत्मसात् गर्न सकिरहेका छैनौं।

दक्षिणी छिमेकी भारतसित हाम्रो परम्परागत बहुआयामी सम्बन्ध रहिआएको छ। नेपाल र भारतको सांस्कृतिक र धार्मिक मान्यताहरू मूलतः एउटै हुन्। हाम्रा आराध्यदेव तथा पूजन पद्धति, धर्मशास्त्रहरू, तीर्थस्थलहरू, देवकर्म र पितृकर्मका पवित्र श्लोक र मन्त्रसमेत एउटै छन्। एउटै ऋषिका सन्तान हौं। खानपान, रहनसहन, हावापानी, वेशभूषा, चाडपर्व, लोकाचार सबै एउटै हुन्। नेपालका प्रायःजसो नदीहरूको मिलनबिन्दु भारतको गङ्गा नै हो। नेपाल र भारतको सम्बन्ध आदिकालदेखि जारी छ। यसलाई कुनै कालखण्डको परिधिभित्र सीमित राख्न सकिँदैन।

चीनको स्वशासित क्षेत्र तिब्बतसित नेपालको १४०० किलोमिटर लामो सिमाना रहेको छ। सन् १९५०-५१ मा चीनको अधीनमा आउनुभन्दा अघिसम्म नेपाल र तिब्बतबीच घनिष्ट सम्बन्ध थियो। बौद्ध धर्म र संस्कृतिका कारण नेपालको उत्तरी क्षेत्रका जनता र तिब्बतका जनताबीच घनिष्ट सम्बन्ध थियो। हुनत यो सम्बन्ध कुनै न कुनै रूपमा अहिले पनि छ तर विगतको जस्तो घनिष्ट र प्रगाढ छैन। उत्तरी छिमेकी चीनमा कम्युनिस्ट शासनको लामो पृष्ठभूमि रहेको र मूल चिनियाँ जाति हानहरूको बाहुल्य रहेको तथा चिनिया दार्शनिक एवं धर्मगुरु कन्फ्युसियसको विचारधाराको गहिरो प्रभाव रहेको कारण नेपाल र चीनको सम्बन्धलाई कूटनीतिक स्तरबाट मात्रै परिभाषित गर्न सकिने अवस्था छ। उत्तरी छिमेकी चीनसितको मित्रता नेपालका लागि कुनै पनि अर्थमा लाभदायक साबित भइरहेको छैन।

नेपालका कतिपय राजनीतिक दलहरू, खासगरी वामपन्थी राजनीतिक दलहरू, उत्तरी छिमेकी चीनसित घनिष्ट सम्बन्ध कायम राख्ने क्रममा राष्ट्रहितलाई पनि उच्च प्राथमिकता दिन सकिरहेका छैनन्। चीनको ऋण स्वीकार गर्न पनि अन्यथा नमान्ने नेपालका वामपन्थीहरू अन्य मित्रराष्ट्रको अनुदानको पनि विरोध गर्न थाल्छन्। जबकि चीनले दिने गरेको ऋणको ब्याजदर विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष तथा अन्य दाताराष्ट्र र मित्रराष्ट्रहरूको तुलनामा चर्को हुने गर्दछ।

विसं २०७२ सालमा आएको भूकम्प र कोभिड-१९ को बहानामा विगत सात वर्षदेखि चीनले बन्द गरेको उत्तरी सीमा नाकाहरू अहिलेसम्म सञ्चालन हुन सकेको छैन। यसले गर्दा नेपालको उत्तरतिर निर्यात व्यापार ठप्प नै भएको छ। यस अवधिमा चीनतर्फबाट नेपालमा दुई खर्बभन्दा बढी निर्यात भएको नेपालले भने आफ्नो तर्फबाट चीनमा जाबो दुई अर्बको निर्यात व्यापार मात्रै गरेको छ। चीनसँगको दुई पक्षीय व्यापारमा नेपालले भोग्दै आएको ठूलो आयतनको व्यापार घाटाबारे पुनर्विचार गर्न चीन तयार पनि रहेको देखिंदैन। केवल आश्वासन मात्र दिने, लिखित सहमति पनि गर्ने तर कार्यान्वयनमा नल्याउने गर्दै आएको छ। उत्तरी सीमा नाका अवरुद्ध हुँदा उत्तरी क्षेत्रका बासिन्दाहरू सामु खाद्यान्नको समस्या, बेरोजगारी र तिनको आर्थिक कारोबार पनि चौपट भएको छ तर दुर्भाग्य मधेश आन्दोलनका कराण दक्षिणी सीमा नाका अवरुद्ध हुँदा राजधानी काठमाडौंलगायत देशका विभिन्न भागमा भारतको चर्को विरोध गर्ने नेपालका वामपन्थी दल र कथित राष्ट्रवादी, राजावादीहरू विगत सात वर्षदेखि उत्तरी सीमा नाका अवरुद्ध हुँदा एउटा सामान्य प्रेस वक्तव्यसम्म निकाल्ने साहस जुटाउन सकेका छैनन्। यसले के साबित गर्दछ भने भारतसितको हाम्रो सम्बन्ध देश र जनताको हितमा छ, यो स्वाभाविक र आवश्यकता पनि हो। चीनसितको सम्बन्ध राजनीतिक कारणले र कृत्रिम हो। ऊसित हाम्रो सम्बन्ध रहे नरहेको खासै अर्थ राख्दैन बरु नेपालसितको सम्बन्धबाट एकोहोरो चीनलाई मात्र लााभ भइरहेको छ।

उत्तरी छिमेकी चीनसित ऋण लिंदा पनि ठेकेदार, प्राविधिक र कामदारहरू उसकै हुने गर्दछ। हाम्रो टाउकोमा त केवल ऋणको भारी मात्रै आउने गर्दछ। चिनियाँ ऋण आएपछि ठेकेदार उसैको हुने शर्त पनि शुरूमैं लादिएको हुन्छ। चिनियाँ ठेकेदारहरू विगतजस्तो समयमैं निर्माण कार्य सम्पन्न गरिरहेका हुँदैनन्। नारायणगढ-बुटवल र नारायणगढ-मुग्लिङ सडकखण्ड यसको उदाहरण हो। मेलम्ची खानेपानी आयोजनालगायत दर्जना घटना यसका उदाहरण हुन्। शुरूमा कम पैसामा टेन्डर सकार गर्ने र पछि त्यति पैसाले पुगेन भन्दै थप पैसा र समयको माग गर्दै आयोजनाहरू लम्ब्याउने प्रवृत्ति चिनियाँ ठेकेदारहरूको देखिएको छ।

हालै करोडौं ठगीको आरोपमा नौजना चिनियाँ नागरिक पक्राउ परेका छन्। भिजिट भिसामा नेपाल आएका उनीहरूले अनलाइनमार्फत विभिन्न व्यक्तिलाई ठगेका छन्। पक्राउ परेका चिनियाँहरूमध्ये चारजनासित पासपोर्ट नै छैन भने दुईजनाको पासपोर्टको म्याद गुज्रिसकेको छ। गैरकानूनीरूपमा नेपाल बसेका चिनियाँहरू अनलाइन ठगीमा पक्राउ परेका हुन्। नेपाली युवकहरूलाई महीनाको १० हजार दिएर उनीहरूको बैंक खाता प्रयोग गरी ठगी गर्ने गरेका थिए। नेपाल प्रहरीका अनुसार चिनियाँ नागरिक यस अघि नेपालमा बसेर साइबर क्राइममा सक्रिय भएको पाइएको थियो। पक्राउ परेपछि चिनियाँ नागरिकले प्रहरी कार्यालयमैं नाराबाजी गरेका थिए। कहिले जुवा, कहिले साइबर क्राइम, कहिले अनलाइन ठगीमा त कहिले नक्कली डलर र अवैध आर्थिक कारोबारमा चिनियाँ नागरिकहरूको संलग्नताका घटना अनेकौं भएका छन्। पर्यटकीय क्षेत्र ठमेल र सिंहदरबार नजीक त प्रहरीसित मारपिट गर्न पनि चिनियाँहरूलाई डर लाग्दैन। एक किसिमले मित्रताको नाममा नेपाललाई आर्थिकरूपले कमजोर बनाउने, नेपालीलाई अपहेलित र प्रताडित गर्ने काम गर्दै आएको छ। बानेश्वरमा नेपालको स्थापित कानूनको उपेक्षा गर्ने काम भयो। उत्तरी छिमेकी चीनले आफ्नो रणनीतिक एवं आर्थिक महत्त्वाकाङ्क्षा पूरा गर्ने मनसायले नयाँ-नयाँ योजना अघि सारिरहेको हुन्छ र नेपालका चीन समर्थक राजनीतिक दल र बुद्धिजीवीहरू यसको प्रशंसा एवं वकालत गर्दै नेपाललाई पनि उसको शिकार बन्न सहयोगीको भूमिका निर्वाह गर्दै आएका छन्। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा नेपालमाथि २२ अर्बभन्दा बढी चिनियाँ ऋण लादिएको छ। बिआरआईका अन्य आयोजनाहरू नेपालमा लागू भए नेपाल एक दशकमैं आर्थिकरूपले कङ्गाल हुनेछ। चिनियाँ ऋणको जालोमा परेर नेपाल परतन्त्र हुन बेर लाग्ने छैन। श्रीलङ्का, पाकिस्तान र जिबुरीको उदाहरण छँदैछ। नेपाली संस्कृति र परम्परालाई मासेर चिनियाँ भाषा, संस्कृति सिकाउने प्रयासलाई कसरी तर्कसङ्गत मान्न सकिन्छ? नेपालका कतिपय राजनीतिज्ञहरू पनि चिनियाँ विचारधाराबाट प्रभावित छन् र नियमित अन्तरालमा प्रशिक्षण पनि हासिल गरिरहेका छन्। यसले गर्दा नेपालमैं नेपालको वकालत गर्नेहरू अल्पमतमा पर्दैछन्। विचारधारा आफ्नो ठाउँमा छ तर राष्ट्र एवं जनताको हित सर्वोपरि हुनु पर्दछ। नेपालका वामपन्थीहरू चीनको कुनै पनि प्रस्ताव विनासोचविचार सहज रूपमा र सहर्ष स्वीकार गर्दै आएका छन्। कम्युनिस्ट एकताको नाममा चीनको निर्देशनलाई सर्वोपरि मान्नेहरूले दूरगामी सोच राख्नु आवश्यक छ। दलीय स्वार्थपूर्तिका लागि राष्ट्रको व्यापक हितको उपेक्षा गर्नु बुद्धिमानी होइन।

नेपालमा जब-जब कम्युनिस्ट पार्टी वर्चस्वमा आउँछ अनि चिनियाँहरूको ज्यादति पनि बढ्दै जान्छ। कुनै पनि विदेशी हाम्रा निम्ति अतिथि नै हुन् तर अतिथिले पनि अतिथि धर्मको पालन गर्नुपर्छ। अतिथि नै आपराधिक गतिविधिमा सामेल भएपछि ऊसित हुने व्यवहार पनि सोही प्रवृत्तिको हुन्छ। हामी नेपालीहरू न चिनियाँ भाषा बुझ्छौं न चीनको संस्कृति नै जानेका छौं। परिश्रम गरेर सिके-पढे पनि त्यसबाट न जागीर पाउने सम्भावना छ, न त्यसको कुनै भविष्य नै। हामीले हाम्रो आफ्नो देशको चिन्ता गर्नुपर्छ। देशको आर्थिक विकासको चिन्ता गर्नुपर्छ। नेपाली जनताको हकहित र अधिकारको चिन्ता गर्नुर्प्छ। काम गर्नुपर्छ। विश्वको आर्थिक शक्ति चीनले एउटा असल छिमेकीको नाताले अनुदान दिएर नेपालको विकासमा सहयोग गर्नुपर्छ। सानो देश ठानेर नेपालबाट लाभ लिने सोच राख्नु उचित होइन।

# बच्चाको जन्मदर्ता मावलीका थरबाट गर्न सकिने

काठमाडौं, २३ चैत/रासस

एकल महिलाबाट जन्मेको र पितृत्वको ठेगाना नभएका बच्चाको जन्मदर्ता मावलीको थरबाट हुने भएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले एक सूचना जारी गरी उक्त व्यवस्था गरिएको जनाएको हो।

त्यस्ता बालबालिकाका जन्मदर्ताका विषयमा थप प्रस्ट पारिदिन स्थानीय तहबाट अनुरोध भइआएकाले दोहोरो दर्ता नहुने गरी उक्त व्यवस्था गरिएको विभागका महानिर्देशक रुद्र पण्डितले जानकारी दिए।

"विवाहअघि जन्म भएको तर पितृत्वको ठेगान नभएको बच्चा भएको एकल महिलाको विवाह गरी बच्चासहित पतिको ठेगानासँगै बसेको भए उक्त बच्चाको मावलीकै थर राखी आमाको हालको स्थायी ठेगानामा जन्मदर्ता गर्न सकिनेछ," विभागले भनेको छ।

विभागले विवाहअघि जन्म भएको तर पितृत्वको ठेगान नभएको बच्चा भएको एकल महिलाले विवाह गरी पतिसँगै बसेको तर उक्त बच्चा मावलीमैं बसेको भए मावलीकै थर कायम गरी मावलीकै ठेगानामा आमालाई सूचक राखी जन्मदर्ता गर्न सकिने जनाएको छ।

माथिका दुई व्यवस्था अनुसार बच्चाको जन्मदर्ता भइसकेपछि बुबाको ठेगान पत्ता लागेको अवस्थामा सो जन्मदर्ता नियमानुसार रद्द गरी बुबाको ठेगानाबाट नयाँ जन्मदर्ता गर्नुपर्ने विभागले जनाएको छ।

सोबाहेक अन्य अवस्थामा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (संशोधनसहित) २०७७ र विभागको यसअघिको परिपत्र अनुसार गर्नुपर्ने भनिएको छ।

# ११६ जना नक्कली परीक्षार्थी पक्राउ

विराटनगर, चैत २३/रासस

मोरङमा माध्यमिक शिक्षा परीक्षा दिइरहेका ११६ जना नक्कली परीक्षार्थी पक्राउ परेका छन्। अरूको नाममा परीक्षा दिइरहेका बेला अनुगमन टोलीले विभिन्न परीक्षा केन्द्रबाट पक्राउ गरेको हो।

जिप्रका, मोरङका प्रहरी उपरीक्षक दीपक पोखरेलका अनुसार अनुगमन टोलीले केराबारी, ग्रामथान र हरैंचाका परीक्षा केन्द्रबाट उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ परेका परीक्षार्थीका विषयमा छानबीन भइरहेको उनले जानकारी दिए।

उनले सबैभन्दा बढी सरस्वती मावि ग्रामथानबाट ५२, सार्वजनिक मावि केराबारीबाट ४४ र जनता मावि सुन्दरहरैंचाबाट २० जना पक्राउ परेका र नक्कली परीक्षार्थीका विषयमा आवश्यक छानबीन गरी कानूनी प्रक्रिया अगाडि बढाइने उनले जानकारी दिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## अविस्मरणीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री बन्नुहोस्

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**तपाईंले लामो समय राजनीतिमा बिताउनुभएको छ। राजनीतिमा लागेको चार दशकपछि बल्ल मन्त्री हुनुभएको छ। यसबाट के प्रस्ट हुन्छ भने तपाईं सत्ताको दौडमा खासै लाग्नुभएको छैन। जिल्लाको विकासलाई महत्त्व दिनुभएको छ। यस कारणले पनि तपाईं समक्ष आफ्ना विचार राख्न मन लाग्यो।**

प्रधानमन्त्री पुष्पकमल दहालले हालै गरेको मन्त्रिमण्डल विस्तारमा हाम्रो जिल्लाबाट निर्वाचित सांसद रमेश रिजाल पनि परेका छन्। रिजालले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीको रूपमा शपथ लिइसकेका छन्। यो स्तम्भकार पनि पर्सावासी भएकोले रिजाल मन्त्री भएकोमा हर्षित भएको त छ नै, रिजालले आफ्नो कार्यकालमा यस जिल्लाको लागि केही विशेष कार्यक्रमहरू ल्याउने छन् भनी आशावादी पनि भएको छ। सत्ताका लागि गरिने गठनबन्धनले रिजाललाई कति दिनसम्म मन्त्री भएर काम गर्न दिने हो त्यो यथार्थलाई अहिले एकातिर पन्छ्याएर राखौं।

विकसित देशहरूमा नेता एवं उच्च प्रशासक (प्रधानमन्त्री, मन्त्री) हरूले आफ्नो एवं आफ्नो कार्यसँग सम्बन्धित क्षेत्रका जानकार एवं विज्ञहरूले लेखेका विभिन्न किसिमका सामाग्री एवं आलेखहरू अध्ययन गर्छन्। त्यति मात्र होइन, उनीहरू शिक्षित र अध्ययनशील पनि हुन्छन्। तर हाम्रो देशका नेताहरूमा त्यस किसिमले अध्ययन गर्ने परिपाटी बसिसकेको छैन। नेताहरूको अधिकांश समय सत्ता राजनीतिको लागि प्रयोग हुने दाउपेचको निर्माण एवं प्रयोगमा बित्ने गरेको हामीसँग दुःखद तथ्य छ। आशा छ मन्त्रीजी, तपाईंले त्यो परिपाटी भत्काउनुहुनेछ। आफ्नो चुनाव क्षेत्रका विज्ञ एवं जानकारहरूले के भन्दैछन्, के लेख्दैछन्, त्यस उपर ध्यान दिनुहुनेछ। यस्तो आग्रह गर्ने यो स्तम्भकार सम्बन्धित क्षेत्रको विज्ञ हो भन्न खोजेको भने होइन। यो स्तम्भकार निवेदक मात्र हो। मात्र आफ्नो विचार तपाईंसमक्ष राख्दैछ।

मन्त्रीजी, तपाईंलाई थाहा नै छ अहिले हाम्रो देशको आर्थिक स्थिति जर्जर हुन पुगेको छ। खासगरी तपाईंले जिम्मेवारी पाएका क्षेत्रहरू उद्योग, वाणिज्य, आपूर्ति चिन्तनीय स्थितिमा छ। नेपालबाट विदेशतर्फ हुने निर्यातको सङ्ख्या र परिमाण दुवै उल्लेखनीय किसिमले वृद्धि गर्न सकिएको छैन। हाम्रो व्यापार बूढो गोरुजस्तो भएको छ, उठ्न सकिरहेको छैन। उद्योगको त कुरै न गरौं।

तपाइ‘ स्वयंले नै पनि अनुभव गरेको देखेको कुरा हो, वीरगंज कुनै समयमा नेपालको आर्थिक राजधानी थियो। वीरगंज नेपालको व्यापारद्वार थियो, औद्योगिक नगरी थियो। वीरगंजमा चिनी कारखाना, कृषि औजार कारखाना, मोजा कारखाना, स्टिल कारखाना, कटन मिल, चुरोट कारखाना, सलाई कारखाना, बिस्कुट कारखाना, कत्थामिल थियो। समिल, राइस मिलहरू थिए। धान चामलको व्यापार गर्ने वीरगंजमा दर्जनौं ठूला व्यापारी थिए। वीरगंजले मात्र तत्कालीन धान चामल निर्यात कम्पनीको माध्यमबाट हजारौं क्विन्टल धान, चामल भारत, बङ्गलादेश, मरिसस तर्फ निर्यात गर्दथ्यो।

ती उद्योगहरू कहाँ गए ? किन गए ? कसरी गए ? यसबारे कहिले पनि विस्तृत अध्ययन भएन। कारण पत्ता लगाउने काम भएन। उल्टो नेपालतर्फ हुने आपूर्तिको परिमाण बढ्दै गयो। देश विदेश गएर, ज्यानको बाजी लगाएर, रगत पसिना बगाएर ल्याएको कमाइले चल्ने भयो। ‘रेमिट्यान्स’ नआएमा देशको अर्थतन्त्र धराशायी हुने स्थिति भयो। कृषिको त झनै स्थिति दयनीय छ।

विगतमा के भयो त्यो कुरा अब छाडि दिउँ, वर्तमानको कुरा गरौं।

तपाईं समग्र राष्ट्रको उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रको कायापलट गर्नुहोस्। देशको आर्थिक स्थितिमा सुधार ल्याउनुहोस्। उद्योग क्षेत्रको विस्तार गर्नुहोस्। आपूर्ति कम गरेर निर्यात वृद्धि गर्नेतर्फ लाग्नुहोस्। उपरोक्त कार्यहरू तत्काल गर्नुहोस् भन्न खोजेको पनि होइन।

भन्न के खोजेको हो भने तपाईंको कार्यकालमा कमसे कम यस्तो वाणिज्य एवं आपूर्ति नीति निर्माण गर्नुहोस् जसले गर्दा पर्सा जिल्ला तरकारी र फलफूल उत्पादनमा आत्मनिर्भर हुन सकोस्। अन्डा, माछा र मासु उत्पादनमा आत्म निर्भर हुन सकोस्। तरकारी, फलफूल, मासु, माछा, अन्डा आदि भारतबाट ठूलो परिमाणमा आयात गर्ने स्थिति अन्त्य होस्।

कृषि मन्त्रालयसँग सहकार्य गर्नुहोस्। कम ब्याजदरमा कृषकहरूलाई कृषि ऋण उपलब्ध गराउने व्यवस्था मिलाउनुहोस्। कृषि मल, बीउ आदिको उपलब्धता सहज पार्नुहोस्। सिंहदरबार होइन, बढी समय पर्सा जिल्लाका गाउँहरूतिर बिताउनुहोस्। पर्सा जिल्लामा एक दुईवटा कृषक-सम्मेलनको आयोजना गर्नुहोस् र कृषकहरूले के के समस्या बेहोरिरहेका छन् ती कुराहरू बुझ्नुहोस्। कृषि क्षेत्रमा के के समस्या छन् र तिनको समाधान कसरी गर्न सकिन्छ भन्नेबारे कृषकहरूसँग राय लिनुहोस्। कृषि विज्ञानमा मास्टर र पिएचडी गरेका, तर माटो भने कहिले नछोएका विज्ञहरूभन्दा नित्य माटोसँग खेल्ने सामान्य कृषकहरूलाई कृषिका समस्या र समाधानबारे राम्रो जानकारी हुन्छ। कृषकहरूले कृषिबारे राम्रो जानकारी राखेका हुन्छन्।

अर्थ मन्त्रालयसँग समन्वय गर्नुहोस् र कृषकहरूलाई कम ब्याजदरमा र दीर्घकालका लागि कसरी कृषि-ऋण उपलब्ध गराउन सकिन्छ, त्यसबारे अर्थ मन्त्रालयका विज्ञहरूसँग परामर्श लिनुहोस्। कृषकहरूलाई दिइने ऋणको बीमा पनि गर्न सकिन्छ। त्यस्ता उपायको खोजी गर्नुपर्छ।

कृषकहरूले कृषि-ऋण लिएर उक्त ऋण कृषि कार्यमा उपयोग गरेका छन् कि छैनन् भनी थाहा पाउन स्वयंले पनि निरीक्षण गर्नुहोस्। कृषकहरूको घर दैलौमा पुग्नुहोस् उनीहरूको समस्या कुनै सहायकमार्फत होइन, स्वयंले सुन्नुहोस्।

कृषकहरूले लगाउने बालीको बीमा कसरी गर्न सकिन्छ भन्ने उपाय पत्ता लगाउन कृषि मन्त्रालयका विज्ञहरूलाई भन्नुहोस्। कृषकहरूको बालीको बीमा गर्ने व्यवस्था भएमा खराब मौसमबाट हुने बालीको क्षति-मारबाट कृषकहरूलाई जोगाउन सकिन्छ।

पर्सा जिल्लाका कृषकहरूले उत्पादन गरेका वस्तुहरू पर्सा जिल्लाभित्र नै खपत हुने स्थिति हुनु राम्रो हो। यदि त्यस्तो नभएमा उनीहरूले उत्पादन गरेका वस्तु बिक्री गर्न बाह्य बजारको खोजी गर्नुपर्ने हुन्छ। बाह्य बजारको खोजी गर्नुपर्ने स्थिति आएमा, आफ्नै पहलमा बाह्य बजार खोज्ने कार्य गर्नुहोस्। आफ्ना संयन्त्रहरूको प्रयोग बाह्य बजार खोज्न प्रयोग गर्नुहोस्।

बढी समय मन्त्री क्वाटर र सिंहदरबारमा आसेपासेहरूसँग घेरिएर बस्नुभयो भने अर्को चुनाव तपाईंको लागि प्रतिकूल हुन सक्छ तर बढी समय पर्सा जिल्लाका गाउँहरूमा कृषक, व्यापारी, उद्योगपति र आपूर्तिकर्ताहरूसँग बिताउनु भयो भने अर्को चुनावमा तपाईंको विजय पुनः निश्चित हुनेछ। तपाईंका कामहरूले मतदाताहरूलाई तपाईंलाई भोट दिन बाध्य पार्नेछ।

सधैं र बढी काठमाडौं (केन्द्र) मा बस्ने परम्पराको अन्त्य गर्नुहोस्। आफ्नो कार्य क्षेत्र वीरगंज र पोखरियालाई बनाएर आफ्ना कार्यहरू जिल्लामा नै केन्द्रित गर्नुहोस्। विकासको पुरानो मोडेल (केन्द्रमा बसेर निर्देशन दिने) परिवर्तन गर्नुहोस्।

आफ्नो वरिपरि केवल कार्यकर्ता मात्र होइन, विज्ञहरू पनि राख्नुहोस्। उनीहरूसँग नियमित सल्लाह माग्नुहोस्। उनीहरूलाई पनि गृह-कार्य दिनुहोस् र गृह-कार्य गरे-गरेनन् त्यस उपर निगरानी राख्नुहोस्।

तपाईंको कार्यकालमा केवल पर्सा जिल्लालाई एक ‘पाइलट प्रोजेक्ट’ को रूपमा लिनुहोस्। त्यस्तो गर्न सकिन्छ। तपाईंका योजनाहरूले पर्सा जिल्लामा सफलता पायो/पाएन त्यसको मूल्याङ्कन गर्नुहोस्। पर्सा जिल्लालाई तरकारी, फलफूल, माछा, मासु, अन्डा उत्पादनमा आत्मनिर्भर तुल्याउन सकिने सम्भावनाको परीक्षण त्यस किसिमको पाइलट प्रोजेक्टको प्रयोगबाट पनि थाहा पाउन सकिन्छ।

रिजालजी, तपाईं मन्त्री भएको खुशी रोक्न सकिनँ र त्यो खुशीलाई यस किसिमबाट अक्षरको रूपमा व्यक्त गरें। हामीलाई आशा होइन, विश्वास छ, तपाईं मन्त्री भएको समय पर्सा जिल्लाले कृषि, उद्योग, वाणिज्यको क्षेत्रमा अवश्य पनि केही सुधार भएको देख्नेछ। अनि तपाईं हाम्रा लागि एक अविस्मरणीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री बन्नुहुनेछ।

एकै व्यक्ति पटकपटक र दर्जनौंपटक मन्त्री भएका छन्। सदा केवल शक्ति र सत्ताको लागि दौडेका छन्। आफ्नो चुनाव क्षेत्र र समग्र राष्ट्रको आर्थिक विकासमा भने ध्यान दिएका छैनन्। राजनीति आरम्भ गरेको छ महीनाभित्र मन्त्री भएका छन्। तर तपाईंले लामो समय राजनीतिमा बिताउनुभएको छ। राजनीतिमा लागेको चार दशकपछि बल्ल मन्त्री हुनुभएको छ। यसबाट के प्रस्ट हुन्छ भने तपाईं सत्ताको दौडमा खासै लाग्नुभएको छैन। जिल्लाको विकासलाई महत्त्व दिनुभएको छ। यस कारणले पनि तपाईं समक्ष आफ्ना विचार राख्न मन लाग्यो।

मन्त्रीजी, तपाईंको कार्यकाल सुखद र सफल होस्।

## पूँजीगत खर्च बढाउन प्रधानमन्त्रीको निर्देशन



काठमाडौं, २३ चैत/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मुलुकमा देखा परेको आर्थिक चुनौतीलाई सम्बोधन गर्नेगरी काम गर्न र पूँजीगत खर्च बढाउन विशेष मेहनत गर्न निर्देशन दिएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीवार बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ५०औं बैठकमा उनले पूँजीगत खर्चलाई तीव्रता दिन र कामको गुणस्तर कायम गर्नमा विशेष जोड दिए।

“पूँजीगत खर्च समयमा हुन सकेन भने त्यसले विकास निर्माण पछाडि पार्ने मात्र नभई त्यसबाट अर्थतन्त्रमा बहुआयामिक असर पर्दछ। तसर्थ सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारले पूँजीगत खर्चलाई तीव्रता दिन र कामको गुणस्तर कायम गर्नमा विशेष जोड दिन आवश्यक छ,” उनले भने।

अन्तरतह समन्वय गर्ने विषयमा आफूले पहल गर्ने जनाउँदै उनले बजेट कार्यान्वयनको सम्बन्धमा मन्त्रालय र प्रदेश सरकारसँग समेत छलफल गरी अर्थ मन्त्रालयले प्रगति राम्रा भएका विकास आयोजनामा साधनस्रोतको अभाव नहुने व्यवस्था मिलाइने बताए।

सरकार आर्थिक वर्ष २०८०/८१ को नीति, कार्यक्रम र बजेटको पूर्वसन्ध्यामा रहेको बताउँदै उनले विगतभन्दा नयाँ र गुणात्मक प्रकृतिको योजना निर्माण र बजेट व्यवस्थाका लागि आवश्यक तयारी गर्नसमेत निर्देशन दिए। केही आयोजनामा राम्रो प्रगति भएपनि वार्षिक बजेट र आयोजनाको कार्यान्वयनमा चालू आवको प्रथम छ महीनामा आशातित लक्ष्य हासिल हुन नसकेको देखिएको उल्लेख गर्दै उनले यो अत्यन्त संवेदनशील विषय रहेको बताए।

“हेर्दा खासै ठूलो समस्या छ भन्ने पनि देखिन्न। तर बजेट, योजना र कार्यक्रम ठीक ढङ्गले कार्यान्वयन हुन पनि सकेका छैनन्,” उनले भने, “खास समस्या के के हुन्, तिनको पहिचान गरी समाधानका प्रभावकारी उपाय निर्क्योल गर्ने कार्य पनि अहिले नै गर्नुपर्दछ।”

उनले मन्त्रीहरूले यसमा विशेष पहलकदमी लिएर ठोस कार्य गर्नेछन् भन्ने आफ्नो अपेक्षा रहेको बताए। “यहाँ छलफल भएबाहेक पनि अन्तरमन्त्रालयगत समन्वयका समस्या छन् भने तिनलाई तुरुन्तै समाधान गर्नुहुनेछ,” उनले भने।

बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले आव २०७९/८० को अर्धवार्षिक समीक्षा सहितको प्रस्तुति राखेका थिए। प्रस्तुतिमा समष्टिगत आर्थिक परिसूचक, आर्थिक वर्षको अर्धवार्षिक प्रमुख आर्थिक परिसूचक, राजस्व तथा वैदेशिक सहायता परिचालनको स्थिति, १५औं योजनाको मध्यावधि समीक्षा विवरण, मन्त्रालयगत र निकायगत खर्चको प्रगति स्थिति, प्रदेशगत आर्थिक परिसूचक र बजेट कार्यान्वयनको अवस्था, राष्ट्रिय गौरवका आयोजनाको प्रगति समेटिएको थियो। साथै राष्ट्रिय विकास समस्या समाधान समितिको ४७औं, ४८औं र ४९औं बैठकका निर्णय कार्यान्वयन तथा पहिलो

(बाँकी चौथो पातामा)

## हुलाकी राजमार्ग कालोपत्रसँगै ठोरीको पहिचान फेरियो

- राजु विश्वकर्मा

वीरगंज, २३ चैत/रासस

केही वर्ष अघिसम्म दुर्गम क्षेत्रका रूपमा रहेको पर्साको ठोरी गाउँपालिका क्षेत्रका दुई दर्जनभन्दा बढी गाउँवासीलाई सदरमुकामसम्म आवतजावतमा सहज भएको छ।

नेपालकै पहिलो हुलाकी राजमार्ग



ठोरी बजार। तस्वीरः फाइल/प्रतीक

अहिले सुगम हुन पुगेको छ। यति बेला ठोरी क्षेत्र मधेस प्रदेशकै प्रमुख पर्यटकीय क्षेत्रका रूपमा विकास हुँदै गएको छ।

विगतमा सडक सञ्जालको विकास नहुँदा र प्रचारप्रसारको अभावका कारण ओझेलमा परेको ठोरी अहिले हुलाकी सडक कालोपत्र भएपछि विकासको गतिमा अघि बढेको छ। पूर्वपश्चिम हुलाकी सडक कालोपत्र भएसँगै यहाँका बासिन्दा खुशी भएका छन्।

हुलाकी सडक अन्तर्गत पर्साको वीरगंजदेखि ठोरीसम्मको सडक कालोपत्र भएपछि उनीहरूलाई सदरमुकाम वीरगंजसम्म पुग्न सहज हुनाका साथै हिलो र धूलोबाट मुक्त भएका छन्।

“वीरगंज बजारदेखि ठोरीसम्मको दूरी करीब ५२ किलोमिटर पर्छ, गाउँबाट वीरगंज बजार पुग्न पहिले मोटरसाइकलमा सात/आठ घण्टासम्म लाग्दथ्यो”–ठोरी गाउँपालिका–४ का ललित श्रेष्ठ भन्छन्–“सडक कालोपत्र भएपछि अहिले दुई घण्टामैं सदरमुकाम पुग्छौं।” अब धूलो र हिलोबाट मुक्ति पाइएको आभास भइरहेको उनको कथन थियो।

“विगतमा सडक जीर्ण हुँदा वीरगंजसम्म पुग्न सात घण्टा लाग्थ्यो”–नेकपा (एमाले)का स्थानीय नेता खगेन्द्र श्रेष्ठ भन्छन्–“हाम्रो सदरमुकाम नै वीरगंज हो, त्यसैले सदरमुकाम पुग्नै पर्दथ्यो तर बाटो राम्रो नभएकोले पुग्न धेरै समय लाग्ने, त्यै दिन घर फर्कन नभ्याइने बाध्यताले बेलुका वीरगंजमैं होटलमा वास बस्नु पर्दथ्यो तर अब त्यो सबै बाध्यताबाट मुक्त भएका छौं। अब बेलुका भए पनि घरसम्म पुग्न कुनै समस्या हुँदैन।”

“पर्सा राष्ट्रिय निकुञ्ज भएकोले ठोरीको व्यापक पर्यटकीय सम्भावना भए पनि सडक पूर्वाधारका कारण पछाडि परेको थियो”–उनी भन्छन्–“सडक बनेसँगै अहिले बिस्तारै ठोरी पुग्ने पर्यटकहरूको सङ्ख्या बढ्न थालेकोले स्थानीयवासीको आयस्रोतसमेत बढ्न थालेको छ।”

“विगतमा सडक जीर्ण हुँदा सवारीसाधन त्यति नचल्ने भएकोले गाउँमा उत्पादन भएको काउली, भन्टा, मूलालगायत नगदे बाली सहजरूपमा वीरगंज बजारसम्म पुऱ्याउन समस्या हुन्थ्यो”–बहुदरमाई नगरपालिकाका श्रवण महतोले भने–“अहिले भने उक्त सडकमा थुप्रै सङ्ख्यामा अटो रिक्सा चल्न थालेकाले सहजरूपमा बालीहरू बजार पुऱ्याउन सकेका छौं।” यसबाट किसानसमेत उत्साहित भएको उनको भनाइ थियो।

ठोरीका ललित, खगेन्द्र र बहुदरमाईका श्रवण महतो मात्र होइन, हुलाकी सडक कालोपत्र भएसँगै सो क्षेत्रका अन्तर्गत रौतहटदेखि चितवनसम्मको करीब ९० प्रतिशतभन्दा बढी सडकखण्डमा कालोपत्र भइसकेको छ।

पूर्वमा रौतहटको दुर्गाभगवती गाउँपालिकास्थित बडहर्वादेखि पश्चिम चितवनको माडीस्थित कसहा क्षेत्रसम्मको २८३ किलोमिटर सडकमध्ये हालसम्म २५१ किमी सडकमा कालोपत्र सकिएको जनाइएको छ।

हुलाकी राजमार्ग निर्देशनालय वीरगंज योजना कार्यालयका अनुसार हुलाकी सडक अन्तर्गत रौतहटदेखि चितवनसम्म करीब २५१ किमी सडकमा कालोपत्र सकिएको छ। बाँकी करीब ३२ किमी सडकमध्ये वनजङ्गल तथा जग्गासम्बन्धी विवादलगायत कारणले काम अघि बढ्न नसकेको जनाइएको छ।

ठोरी क्षेत्रमा पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रको जङ्गल परेकाले त्यहाँ सडक विस्तारलगायत विषयमा वातावरण प्रभाव मूल्याङ्कनका लागि हुलाकी सडक विभाग र मन्त्रालयमा सिफारिश पठाइएको उक्त कार्यालयका सूचना अधिकारी इन्जिनीयर दुर्गा मण्डलले जानकारी दिए। वातावारण प्रभाव मूल्याङ्कन प्रतिवेदन आएलगत्तै सो क्षेत्रमा सडक कालोपत्रलगायत काम अघि बढाइने उनले बताए।

सूचना अधिकारी मण्डलका अनुसार हुलाकी सडक अन्तर्गत रौतहटदेखि चितवनसम्म निर्माणाधीन पुलमध्ये चालू आर्थिक वर्षको हालसम्ममा पाँचवटा पुल निर्माण भइसकेको छ। चालू आवमा १४ वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा बाँकी नौवटा पुल निर्माण भइरहेको छ।

अरूवा खोला, डोरा खोला, पर्साको तिलावे खोला र चितवनको टुनामुना तथा चिताइ खोलाको पुल निर्माण भइसकेको तर रौतहटको बागमती नदीका साथै भकुवा, चितवनको रियू, बगै, घाँघर, भालु, पतरी, बाँदरमुडे र मुगै खोलामा पुल निर्माणाधीन अवस्थामा रहेको छ।

सडकतर्फ बाराको गढीमाई–बरियारपुर–कबही गोठ सडकको दश किमी सडकमध्ये साढे नौ किमी सडक कालोपत्र सकिएको र बाँकी ५०० मिटर सडक जग्गासम्बन्धी विवादका कारण रोकिएको सूचना अधिकारी इन्जिनीयर मण्डलले जानकारी दिए।

भरतपुर–ठोरी–माडी देवेन्द्रपुरदेखि बगै बसपार्क सडकखण्डमा भने वनजङ्गलका साथै निर्माण सामग्रीको अभाव तथा वातावरण प्रभाव मूल्याङ्कन हुन नसकेकोले २० प्रतिशतजति सडकको काम रोकिएको उनको भनाइ छ।

चालू आर्थिक वर्षभित्रै हुलाकी सडक निर्माण गरिसक्नुपर्नेमा हुलाकी

(बाँकी चौथो पातामा)

# सकसमा लघुवित्त

मुलुक अहिले जटिल आर्थिक परिस्थितिबाट गुज्रिरहेको छ। कोभिड–१९ का कारण झन्डै दुई वर्ष थला परेको नेपाली अर्थतन्त्र तङ्ग्रिन नपाउँदै गत वर्षदेखि शुरू भएको रूस–युक्रेन युद्धले विश्वकै अर्थतन्त्र खलबल्याइरहेको छ। रेमिट्यान्स आप्रवाह र विदेशी मुद्रा सञ्चितिमा क्रमिक सुधार भएपछि आयात खुला गरिए पनि उच्च मूल्यवृद्धि र घट्दो उपभोगका कारण नेपालले आर्थिक मन्दीको मार खेपिरहेको छ। गत वर्ष उच्च आयात, न्यून निर्यात, रेमिट्यान्स आप्रवाहमा उच्च गिरावट र विदेशी मुद्रा सञ्चितिको कमीले मुलुकले श्रीलङ्काको नियति भोग्नुपर्ने हो कि भन्ने चिन्ता छाएको थियो। फलस्वरूप सरकारले केही विलासी वस्तुको आयातमा प्रतिबन्ध लगाउनुका साथै प्रतीतपत्र कारोबारमा शतप्रतिशत मार्जिन कायम गर्नुपर्ने बाध्यात्मक व्यवस्था लागू गऱ्यो। अर्कोतर्फ, यसबाट भन्सार राजस्वसमेत प्रभावित हुन पुग्यो। पछिल्ला महीनाहरूमा रेमिट्यान्स आप्रवाह र विदेशी मुद्रा सञ्चितिमा क्रमिक सुधार भएपछि आयातमाथि लगाइएका बन्देज खुला गरिएको छ। तर उच्च मूल्यवृद्धि र घट्दो उपभोगका कारण मुलुकले आर्थिक मन्दीको मार खेपिरहेको छ। खर्चभन्दा राजस्व सङ्कलन कम हुँदा मुलुकको अर्थतन्त्रमा सङ्कट थपिन पुगेको हो।

चालू आर्थिक वर्षको पहिलो आठ महीनामा बजेट घाटा एक खर्ब ५६ अर्ब ४४ करोड रुपियाँ नाघिसकेको छ। पूँजीगत खर्चले यो वर्ष पनि विगतकै वर्ष जस्तै नियति भोग्दै छ। भएका उद्योगधन्दा न्यून क्षमतामा सञ्चालन हुन पुगेका छन्। बैंकिङ क्षेत्रमा देखिएको तरलता अभावले गर्दा ब्याजदरमा दुई अङ्कको वृद्धि देखा परेको छ। बढ्दो मुद्रास्फीतिका बीच बैंकको ब्याजमा वृद्धि हुँदा कर्जा लिई व्यवसाय गर्नेलाई थप समस्या उत्पन्न भएको छ। अहिले उद्योगी–व्यवसायीहरूले ब्याजदर एकल अङ्कमा झार्नुपर्ने माग गरिरहेका छन्। बैंकको निक्षेप सङ्कलन नै महँगो भएपछि कर्जाको ब्याजदरसमेत बढेको अवस्था छ। नेपाल राष्ट्र बैंकको २०७९ माघको प्रतिवेदन अनुसार वाणिज्य बैंकहरूको औसत आधार दर नै १०.७२ प्रतिशत रहेको छ। बैंकिङ व्यवसाय देशकै अर्थतन्त्रको एक अंश भएकोले समग्र अर्थतन्त्रमा आएको उतारचढावको प्रभाव यसमा पनि पर्छ। अहिले बैंक तथा वित्तीय संस्थामा पनि सङ्कट उत्पन्न भएको छ। कर्जाचक्र खलबलिंदा बैंकको खराब कर्जा बढ्दो छ। नेपाल राष्ट्र बैंकका अनुसार २०७९ असार मसान्तसम्म औसत निष्क्रिय कर्जा अनुपात १.३१ प्रतिशत रहेकोमा माघ मसान्तमा अइपुग्दा यसमा वृद्धि भएर २.६३ प्रतिशत पुगेको छ। अर्कोतिर खुद्रा कर्जा प्रदायक लघुवित्तीय संस्थाहरूको गत असारमा २.५६ प्रतिशत रहेको निष्क्रिय कर्जा अनुपात पुससम्म बढेर ४.६८ भएको छ। कालोसूचीमा समावेश हुनेहरूको नामावली पनि लम्बिंदो छ। यसले बैंकिङ क्षेत्रको खस्कँदो अवस्थाको चित्रण गर्दछ।

बैंकिङ क्षेत्र समस्याग्रस्त भएमा यसले सम्पूर्ण अर्थतन्त्रलाई नै नराम्ररी थला पार्न सक्ने भएकोले समयमैं सजग भएर अगाडि बढ्नु वर्तमान सरकारको कार्यभार हुनुपर्दछ। समयमा कर्जाको किस्ता र ब्याज नतिरेको अवस्थामा बैंकले ताकेता गर्नु स्वाभाविक हो। लिखित तथा मौखिक ताकेता गर्दा पनि भाका नाघेको कर्जा असुली नहुँदा पत्रपत्रिकामा नाम प्रकाशन, धितो लिलाम–बिक्रीका साथै कालोसूचीसम्मको प्रक्रिया अगाडि बढ्छ। कर्जाको प्रमुख स्रोत नै निक्षेप रहेको हुँदा निक्षेपकर्ताको हितको सुरक्षा हुनेगरी बैंकले कर्जा प्रवाह गर्नुपर्छ। बैंकिङ कारोबारमा नेपाल राष्ट्र बैंक ऐन र बैंक तथा वित्तीय संस्था ऐनका साथै बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन आकर्षित हुन्छ। अहिलेको अवस्थालाई मध्यनजर गर्दै आर्थिक वर्ष २०७८–७९ को मौद्रिक नीतिमा कर्जाको भुक्तान गर्नुपर्ने साँवा/ब्याज भाका नाघेको एक महीनाभित्र तिरेमा पेनल ब्याज लिन नपाइने र साना मझौला उद्योग व्यवसायलाई सहजीकरण गर्न २०७९ पुस मसान्तमा सक्रिय वर्गमा रहेको दुई करोड रुपियाँसम्मको कर्जालाई विश्लेषणका आधारमा २०८० असारभित्र असल वर्गमा वर्गीकरण हुने गरी पुनर्संरचना गर्न पाइने व्यवस्था गरिएको छ। अहिलेको मन्दीमा उद्योग/व्यवसायलाई जीवित राख्न थप सहजीकरणको नीति जरूरी छ।

नियामक निकाय नेपाल राष्ट्र बैंकले पर्याप्त अनुगमन गर्न नसक्दा एउटै ऋणीलाई दर्जनौं लघुवित्तले कर्जाको भार बोकाएको र ताकेता एवं दबाबबाट जोगिन ऋणीहरू घर छाडेर हिंडेको अवस्था देखिएको छ। फलस्वरूप गत फागुनमा नेपाल राष्ट्र बैंकबाट दोहोरो कर्जा लिन नपाइने निर्देशन जारी गरिएको थियो। कर्जा लिने र दिनेले व्यक्तिगत र परियोजनागत क्षमताका आधारमा निर्णय गर्नुपर्छ। अझ विपन्न परिवारलाई त आवश्यकताभन्दा बढी कर्जा ठूलो बोझ बन्न पुग्छ। उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह बढाउन सहुलियत कर्जाको व्यवस्था पनि गरिएको छ। यसले उक्त क्षेत्रमा कर्जा प्रवाह बढेको तथ्याङ्कले देखाउँछ। कुल गार्हस्थ्य उत्पादन बराबर कर्जा प्रवाह भएको देखिन्छ। तर, उद्योग फस्टाउन सकेको छैन। न रोजगार सिर्जना हुन सकेको छ, न आयात प्रतिस्थापन नै। यसले कर्जाको दुरुपयोग भएको छ भन्ने प्रमाणित गरेको छ। वास्तवमा लघुवित्तहरूले प्रवाह गरेको ऋण अनुत्पादक क्षेत्रमा लगानी गरिनुहुन्न। गरगहना, कपडा वा घरायसी सरसामानमा लगानी गर्दा ऋणाको प्रतिफल तयार हुँदैन र ऋणीहरूको पूँजी वृद्धि नभई, नष्ट हुन्छ। त्यसैले रोजगार वा उद्यमशील बनाउने औजार जस्तै– कपडा सिलाउने मेशिन, साबुन बनाउने मेशिन, उन्नत जातका पशुपालन, घरेलु उद्योग स्थापना वा नगदे तरकारी खेतीजस्ता उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सके लघुवित्त र लक्षित वर्ग दुवैलाई फाइदा हुने देखिन्छ। एकै क्षेत्रमा एकै किसिमका कार्यक्रम सञ्चालन गर्दै लघुवित्तहरू एकअर्कामा अस्वस्थ प्रतिस्पर्धा गर्नुभन्दा स्थानीय पालिकासँग सहकार्य गर्दै कार्यक्रममा विविधीकरण गर्नु उपयुक्त हुन्छ। स्थानीय सरकार र सहकारीसँग समन्वय गर्दै लघुवित्तहरूले ऋण प्रवाह गरेको खण्डमा समस्या कम गर्न सकिन्छ।

लघुवित्तले प्रवाह गर्ने ऋणबाट ग्रामीण गरीब–विपन्न परिवार दिगोरूपमा आत्मनिर्भर बन्न उत्पादनमूलक क्षेत्रमा लगानी गरेर ऋण चुक्ता गर्नुपर्छ। लघुवित्तले गरीब–विपन्न वर्गमा ऋण प्रवाह गर्नु मात्र नभई स्थानीय तहमा उपलब्ध स्रोत–साधन परिचालन गर्दै जीवन निर्वाह गर्ने नयाँनयाँ सीप विकास गर्न सहयोग गर्दै ती वर्गको दिगो आर्थिक उन्नति गराउन सकेमा पक्कै पनि नेपालको ग्रामीण क्षेत्रमा विकासको जग बसाउन महत्त्वपूर्ण भूमिका हुन सक्छ। आँट र सीप भएर पनि पैसाको अभावमा उद्यम गर्न नसकेका व्यक्तिहरूलाई लघुवित्त वित्तीय संस्थाले कर्जा प्रदान गर्दछ। गरीबी न्यूनीकरण र ग्रामीण अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रमा जोड्ने उद्देश्यले स्थापना भएको लघुवित्तको फाइदा उठाउँदै केही व्यक्तिले कर्जाको दुरुपयोग गरेका कारण लघुवित्तको क्षेत्रको कर्जामा जोखिम बढ्दै गएको देखिन्छ। यसरी कर्जा दुरुपयोग रोक्न चालू पूँजी कर्जामा गरिएको कडाइमा उद्योगी–व्यवसायीहरूको मागबमोजिम राष्ट्र बैंक लचक हुन बाध्य भयो। विगतमा घर/जग्गामा गरिएको लगानीले दिन दुई गुणा रात चौगुणा प्रतिफल दिने मान्यताले मुलुकभरि जग्गा प्लटिङको लहर चल्यो। विगतदेखि अनुत्पादक क्षेत्रमा भएको लगानीको परिणति अहिले अर्थतन्त्रमा देखिएको छ। फलस्वरूप बैंकले माग अनुसार कर्जा दिन नसक्दा घर/जग्गा कारोबारमा समेत मन्दी छाएको छ। धितो भएमा ढिलोचाँडो असुली भइहाल्छ भन्ने मान्यता बोकेका बैंकहरू पनि अहिले सम्पत्ति लिलाम–बिक्रीको सकसमा छन्। अझै पनि अलमल गर्ने हो भने उद्योग/व्यवसाय मात्र हैन, बैंकिङ क्षेत्रमैं थप सङ्कट आउन सक्छ।

त्यसैले नेपालका ग्रामीण क्षेत्र र त्यहाँ बसोवास गर्ने गरीब नागरिकलाई आधार बनाएर सञ्चालन हुन सके लघुवित्तले पक्कै पनि ग्रामीण समुदायमा आर्थिक उन्नतिको पूर्वाधार निर्माण गर्न सक्छ। सानो लगानीमा ठूलो परिवर्तन गराउन सक्ने वित्तीय प्रणाली भएकोले लघुवित्त वित्तीय संस्थाले ग्रामीण क्षेत्रका गरीब तथा विपन्न नागरिकको बैंकिङ वा वित्तीय बानीलाई प्रोत्साहन गर्दै उनीहरूको नियमित बचतलाई दीर्घकालीनरूपमा लाभदायक हुनेगरी आर्थिकरूपमा बलियो बनाउनु नै वर्तमान सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।

अर्थ–उद्योग–वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**सानो लगानीमा ठूलो परिवर्तन गराउन सक्ने वित्तीय प्रणाली भएकोले लघुवित्त वित्तीय संस्थाले ग्रामीण क्षेत्रका गरीब तथा विपन्न नागरिकको बैंकिङ वा वित्तीय बानीलाई प्रोत्साहन गर्दै उनीहरूको नियमित बचतलाई दीर्घकालीनरूपमा लाभदायक हुनेगरी आर्थिकरूपमा बलियो बनाउनु नै वर्तमान सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।**

# मोफसलमा बढ्दै चलचित्र गतिविधि

काठमाडौं, २३ चैत/रासस

चलचित्रको गतिविधि प्रायः काठमाडौं उपत्यकामा केन्द्रित छन्। चलचित्र प्रदर्शन पहिले भने पत्रकार सम्मेलनका लागि मोफसलका केही शहरमा चलचित्रकर्मी पुग्ने गरेका छन्। प्रिमियर, घोषणालगायत कार्यक्रम काठमाडौं केन्द्रित भइरहँदा शुक्रवारदेखि प्रदर्शनमा आउने चलचित्र 'बहाव'को प्रिमियर भने कास्कीको पोखरामा हुने भएको छ।









मोफसलका विभिन्न शहरमा व्यावसायिकरूपमा प्रिमियर नभएका होइनन् तर निर्माण पक्षले नै प्रचारप्रसारका लागि गर्ने यस्ता गतिविधि निकै कम छन्। चलचित्र निर्माता श्रीधर पौडेलले कलाकार सुरक्षा पन्त र कमलमणि नेपाल तथा लेखक/निर्देशक प्रमोद कँडेलको सहभागितामा पोखरामा प्रिमियर हुने जानकारी दिए।

"मोफसलमा समेत प्रिमियर गर्नुपर्छ भन्ने सोच बनायौं। उपत्यका बाहिर फाट्टफुट्ट हुने यस्ता कार्यक्रमलाई बिस्तारै बढाउँदै लैजानुपर्छ"–निर्माता पौडेलले भने। चलचित्र 'बहाव' को प्रिमियर काठमाडौंमा भने बुधवार सम्पन्न भइसकेको छ। पहिलो दर्शक बनेका कलाकर्मी, राजनीतिज्ञ र सञ्चारकर्मीबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको निर्देशक कँडेलले बताए।

"फरकरूपमा तयार गरेको प्रयासबाट सकारात्मक प्रतिक्रिया पाउँदा उत्साहित छु। यसमा हामीले अहिलेको पुस्ताको मनोविज्ञान, समाज र परिवारले राख्ने अपेक्षालाई प्रस्तुत गरेका छौं"– उनले भने। निर्माता पौडेलकै अग्रसरतामा केही वर्ष पहिले 'लुकामारी' को प्रिमियर पोखरामा गरिएको थियो।

गत कात्तिकमा प्रदर्शन भएको





चलचित्र 'महापुरुष'को काठमाडौंसँगै चितवन र इटहरीमा प्रिमियर गरिएको थियो। निर्माता रवीन्द्रसिंह बानियाँले मोफसलको मागलाई ध्यानमा राख्दै प्रिमियर गरिएको बताए। "हामी मोफसलमा व्यापार भएन भन्छौं। अझै कोशी र मधेस प्रदेशको धेरै शहरमा हाम्रो बजार राम्रो छैन। त्यहाँ बजार विस्तार गर्नका लागि पनि प्रिमियर गरेका थियौं"–निर्माता बानियाँले भने–"प्रिमियर, पत्रकार सम्मेलनलगायत गतिविधिले स्थानीयरूपमा प्रचारप्रसार हुन्छ। मोफसलबाट पनि लगानी उठाउन मदत पुग्छ।" आफ्नो आगामी चलचित्र 'महाजात्रा'लाई काठमाडौं मात्र नभई मोफसल केन्द्रित गतिविधिमार्फत प्रचारप्रसार गर्ने उनको योजना छ।

# नेप्सेमा आठ दशमलव २८ अङ्कको गिरावट

काठमाडौं, २३ चैत/रासस


बिहीवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक आठ दशमलव २८ अङ्कले घटेर एक हजार ८६६ दशमलव ७९ अङ्कमा कायम भएको हो।

नेप्सका अनुसार आज २६९ वटा कम्पनीका २८ लाख ७० हजार ८१९ कित्ता शेयर २३ हजार ३८८ पटक खरीद–बिक्री हुँदा रु ९२ करोड छ लाख ८६ हजार बराबरको कारोबार भएको छ।

आज बैंकिङ, निर्जीवन बीमा र व्यापार समूहको उपसूचक बढेका छन् भने बाँकी सबै समूहका उपसूचक घटेका छन्। नेप्सेका अनुसार बैंकिङ समूह शून्य दशमलव ५४, निर्जीवन बीमा समूह एक दशमलव ६९ र व्यापार समूह चार दशमलव ०४ अङ्कले बढेका छन्। आज सबैभन्दा धेरै विकास बैंक समूहको उपसूचक ४२ दशमलव १२ र जलविद्युत् समूहको उपसूचक २८ दशमलव ५८ अङ्कले घटेका छन्।

वित्त समूह २२ दशमलव ६०, होटल तथा पर्यटन समूह नौ दशमलव ४१, लगानी समूह शून्य दशमलव ६३ र जीवन बीमा समूह १८ दशमलव ६२ अङ्कले घटेका नेप्सेले जनाएको छ। उत्पादन तथा प्रशोधन समूह १९ दशमलव ३७, लघुवित्त समूह १३ दशमलव १४, म्युचुअल फन्ड समूह शून्य दशमलव ११ र अन्य समूह १० दशमलव ९७ अङ्कले घटेका छन्।

आज कालिञ्चोक दर्शन लिमिटेड





र सिटिजन्स म्युचुअल फन्ड–२ को शेयर मूल्यमा सकारात्मक सर्किट लागेका छन् भने सामलिङ पावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै सात दशमलव ४३ अङ्कले घटेको छ। कारोबार रकम र शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु चार करोड ९२ लाख बराबरको एक लाख २० हजार ५५८ कित्ता शेयर कारोबार भएको छ।

## पूँजीगत ...

प्राथमिकता प्राप्त आयोजनाको भौतिक प्रगति पनि उनले प्रस्तुत गरेका थिए।

बैठकमा सङ्घीय सरकारका मन्त्री, प्रदेशका मुख्यमन्त्री, महालेखापरीक्षक, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष, मुख्यसचिव, नेपाल राष्ट्र बैंकका गभर्नर, जिल्ला समन्वय समिति महासङ्घका अध्यक्ष, नेपाल नगरपालिका सङ्घका अध्यक्ष र गाउँपालिका महासङ्घका अध्यक्ष लगायतले आआफ्नो विषय राखेका थिए।

## हुलाकी ...

राजमार्गभित्र जङ्गल तथा सडकमा परेका घर, टहरा हटाउन भएको ढिलाइ, ठाउँठाउँमा जग्गासम्बन्धी विवादले निर्माणको काम केही पछि धकेलिएको उक्त कार्यालयका प्रमुख दरोगाप्रसाद साहले जानकारी दिए।

हुलाकी सडक निर्माण भएपछि मधेसको विकासले गति लिनाका साथै हजारौं युवालाई रोजगारको अवसर सिर्जना हुने स्थानीयवासीको विश्वास छ।

पूर्वपश्चिम राजमार्गको समानान्तर सीमा नाका छुँदै करीब २० देखि ३० किमी दक्षिणतर्फ फैलिएको हुलाकी राजमार्ग राणाकालदेखि नै चिठ्ठीपत्र ओसारपसार गर्न हुलाकी हिंड्ने छोटो बाटो थियो। उक्त बाटोलाई पद्म शमशेरले आगाडि बढाएकाले पद्म रोड पनि भन्ने गरिन्छ।

पूर्वपश्चिम राजमार्गबाट मधेसका जिल्ला सदरमुकामसम्म जोड्ने ८१७ किमीको ३२ वटा सहायक राजमार्ग छन्।

भारतका तत्कालीन प्रधानमन्त्री चन्द्रशेखरले विसं २०४७ मा नेपाल भ्रमणका क्रममा हुलाकी राजमार्ग निर्माणमा भारत सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

भारतीय सहयोगको सैद्धान्तिक सहमति विसं २०६१ मा भए पनि नेपालमा विसं २०६२–६३ को परिवर्तनपश्चात् भारत सरकारले नेपाल सरकारबाट छनोट भएका १,४४० किमी सडकको डिजाइन सुपरीवेक्षण र निर्माण तीन चरणमा गर्ने गरी सम्झौता गरेको थियो।

सोबापत सम्पूर्ण खर्च भारत सरकारले बेहोर्दा र जग्गा अधिग्रहण, पोल, रूखहरू हटाउने र हुलाकी राजमार्गमा पर्ने सम्पूर्ण पुलको निर्माण नेपाल सरकारले गर्ने प्रावधानसहितको सम्झदारी भएको थियो।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## कोरियाली प्रायद्वीपलाई आणविक युद्धतर्फ धकेलेको उत्तर कोरियाको आरोप

सोल, २३ चैत/एपी

कोरियाली प्रायद्वीपलाई अमेरिका र दक्षिण कोरियाले आणविक युद्धतर्फ धकेलेको आरोप उत्तर कोरियाले लगाएको छ । अमेरिका र दक्षिण कोरियाले गरेका संयुक्त सैन्य अभ्यासलाई लिएर प्योङयाङले उक्त आरोप लगाएको हो ।

संयुक्त सैन्य अभ्यास कोरियाली प्रायद्वीपको शान्ति र स्थायित्वका निम्ति जोखिमपूर्ण भएको र त्यसले आणविक युद्ध निम्त्याउन खोजेको सरकारी सञ्चारमाध्यम कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए)ले जनाएको छ ।

अन्तर्राष्ट्रिय सुरक्षा विश्लेषक चो जु हयोनले संयुक्त सैन्य अभ्यासले प्रायद्वीपको स्थितिलाई विस्फोटक बनाउने प्रयास गरेको केसीएनएलाई बताएका छन्। उत्तर कोरियाले पनि आक्रामक कारबाई गर्न सक्ने चेतावनी उनले दिएका छन्। अमेरिका र उसका सहयोगीहरूले सैन्य उन्माद प्रस्तुत गरेर कोरियाली प्रायद्वीपको शान्ति र स्थायित्वमाथि खेलवाड गरेको आरोप उनले लगाएका छन् ।

पाँच वर्षको अन्तरालमा हालै अमेरिका र दक्षिण कोरियाले गरेका विशाल संयुक्त सैन्य अभ्यासलाई उत्तर कोरियाले आफूमाथिको आक्रमणको पूर्वाभ्यास भन्दै त्यसको कठोर शब्दमा निन्दा गर्दै आएको छ ।

संयुक्त सैन्य अभ्यासको विरोधमा



उत्तरले पनि शृङ्खलाबद्ध साना–ठूला क्षेप्यास्त्र परीक्षण जारी राख्यो । गत वर्ष ७० भन्दा बढी क्षेप्यास्त्र परीक्षण गरेको प्योङयाङले यो वर्ष विभिन्न दशवटा परीक्षण कार्यक्रम अन्तर्गत कम्तीमा २० पटक 'ब्यालेस्टिक' र 'क्रूज मिसाइल' परीक्षण गरिसकेको छ ।

बारम्बार छोटो तथा लामो दूरीका क्षेप्यास्त्र परीक्षण गरेर उत्तर कोरियाले हिन्द–प्रशान्त क्षेत्रका अमेरिकी सैन्य अखडा र दक्षिण कोरियाली कमान्ड सेन्टरलाई निशाना बनाएको सुरक्षा विश्लेषकहरूले बताएका छन् । उत्तर कोरियाले निरन्तर गरेका परीक्षणबाट टोकियो, सोल र वाशिङ्टनबीचको सहकार्यलाई अझ सुदृढ बनाउने उनीहरूको तर्क छ ।

उत्तर कोरियाली नेता किम जोङ उनले यो महीनाको प्रारम्भमा वास्तविक युद्धका लागि तयारी गर्न तथा सैन्य अभ्यास तीव्र तुल्याउन सम्बद्ध निकायलाई निर्देशन दिएका थिए ।

उत्तर कोरियाले आफ्नो शक्तिशाली क्षेप्यास्त्र भने आजसम्म प्रक्षेपण गरेको छैन। आफूलाई अपरिवर्तनीय आणविक शक्ति घोषणा गरेको उसले क्षेप्यास्त्र परीक्षणलाई आफ्नो अधिकार एवं प्राथमिकता भन्दै आएको छ। रासस

## भोलिदेखि निर्वाचन आचारसंहिता लागू हुने

काठमाडौं, २३ चैत/रासस

शुक्रवारदेखि प्रतिनिधिसभा सदस्य उपनिर्वाचनका लागि आचारसंहिता लागू हुने भएको छ । निर्वाचन आयोगले चितवन, बारा र तनहुँ जिल्लाभर यही चैत २४ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्मका लागि निर्वाचन आचारसंहिता, २०७९ को सम्पूर्ण व्यवस्था लागू गर्ने निर्णय गरेको हो ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भोलि शुक्रवारदेखि आचारसंहिता लागू गर्ने निर्णय गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए। आगामी वैशाख १० गते चितवन क्षेत्र नं २, बारा क्षेत्र नं २ र तनहुँ क्षेत्र नं १ मा उपनिर्वाचन हुँदैछ ।

सङ्घीय सरकार र सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेशका मन्त्री, संवैधानिक निकाय र सो निकायका पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारीलाई आचारसंहिता लाग्ने आयोगले जनाएको छ ।

यस्तै, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलका भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेका व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मीलगायतले आचारसंहिताको पालना गर्नुपर्ने आयोगले स्पष्ट पारेको छ ।

निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, र वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदारलाई आचारसंहिता लाग्ने प्रवक्ता पौडेलले जानकारी दिए ।

आचारसंहिता अवधिभर तोकिएका निकाय, अधिकारी तथा व्यक्तिले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन, वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रम घोषणा गर्न, स्वीकृति गर्न वा सञ्चालन गर्न, कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने, कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न वा त्यस्ता पदमा नियुक्त गर्न नहुने आचारसंहितामा उल्लेख छ ।

## पिकअपसहित सालका गोलिया बरामद

प्रस, निजगढ, २३ चैत/

मङ्गलवार राति पूर्व–पश्चिम महेन्द्र



धन्सार वन क्षेत्रबाट बरामद गरिएको गोलिया लोड पिकअप । तस्वीरः प्रतीक

राजमार्गनजीकैको धन्सार पुल पूर्वदेखि करीब दुई सय मिटर उत्तरतर्फको वन क्षेत्रबाट पाँच थान सालको गोलिया लोड पिकअप जीपको नम्बर केरमेट गरिएको अवस्थामा नियन्त्रणमा लिइएको छ । वन क्षेत्रको गस्ती गर्ने क्रममा डिभिजन वन कार्यालय, बाराको सशस्त्र वन सुरक्षाकर्मीको टोलीले बरामद गर्न सफल भएको हो । रातिको समयमा गोलिया तस्करी भइरहेको सुराक पाएसँगै वन सुरक्षाकर्मीको टोलीले घेरा हाल्ने क्रममा घटनामा संलग्न तस्करहरू फरार भएको डिभिजन वन कार्यालयका प्रवक्ता एवं सहायक वन अधिकृत जवाहरलालप्रसाद कुर्मीले जानकारी दिए।

बरामद सालका गोलिया अन्दाजी एक सय क्यूफिट रहेको र हालको बजार मूल्य अनुसार पाँच लाखभन्दा बढी रहेको छ । बरामद जीपको आधारमा यस कार्यमा संलग्नहरूको खोजी कार्य तीव्र बनाएको वन कार्यालयले जनाएको छ । बाराको वन क्षेत्रमा वन पैदावार चोरी तस्करी गर्ने सङ्गठित गिरोहको पहिचान गरी कडा कारबाई गर्ने योजनाका साथ बारा वन कार्यालय लागिरहेको डिभिजनल वन अधिकृत विनोद सिंहले बताए ।

वन पैदावर चोरी तस्करीमा संलग्न सवारीसाधनहरू बरामद भएसँगै डिभिजन वन कार्यालय परिसरमा सवारीसाधनहरू यत्रतत्र छन् ।

काठ चोरी तस्करीमा प्रयोग भएका कतिपय सवारीसाधनहरू कानूनी प्रक्रियामा छन् भने, कतिपय लिलाम बिक्रीका रहेको वन कार्यालय जनाएको छ । साना सवारीसाधनहरूमा गोलिया चोरी तस्करी बढ्न थालेसँगै डिभिजन वन कार्यालय, बाराले चोरी हुन सक्ने स्थानको पहिचान गरी नियन्त्रण गर्न यस वर्ष पनि ट्रेन्च खनेको छ । तर पनि सङ्गठित काठ तस्करहरूले वन पैदावर हानिनोक्सानी र तस्करी गर्न छाडेका छैनन् ।

## अमेरिकामा आँधीः पाँचजनाको मृत्यु, पाँचजना घाइते

ग्लेन एलेन (मिसौरी), २३ चैत/एपी

विगत दुई सातादेखि शृङ्खलाबद्ध आँधीका कारण आक्रान्त भएका अमेरिकाका विभिन्न राज्यको जनजीवन सामान्य बन्न नपाउँदै मिसौरी राज्य फेरि आँधीको चपेटमा परेको छ ।



तस्वीरः एपी

आज बिहानै आएको आँधीमा परी पाँचजनाको मृत्यु भएको छ भने अन्य पाँचजना घाइते भएका छन् ।

आँधीले ग्लेन एलेन गाउँमा महाविनाश ल्याएको छ । देशका आठ राज्यमा आएका दर्जनौं आँधीका कारण हालसम्म ६३ जनाले ज्यान गुमाएका छन्। बोलिन्जर काउन्टीका धेरै घर ढलेका छन् भने विद्युत् आपूर्तिमा अवरोध भएको छ ।

प्रारम्भिक विवरण अनुसार आँधीले ८७ वटा भौतिक संरचनामा क्षति पुगेको मिसौरी राज्यका एक अधिकारीले बताएका छन् ।

राज्यका गभर्नर माइक पार्सनले आँधी प्रभावित क्षेत्रको भ्रमण गरेर पीडितहरूलाई सहयोग गर्ने बताएका छन्। उनले राष्ट्रपति जो बाइडेनबाट सङ्घीय सहयोगको आश्वासन प्राप्त भएको जानकारी पनि दिएका छन् ।

यसअघि मिसिसिपीमा गत साता आएको आँधीमा परी २६ जनाको ज्यान गएको थियो । त्यहाँको सानो शहर रोलिङफार्क पूर्णरूपमा तहसनहस भएको थियो। करीब दुई हजार बासिन्दा रहेको उक्त स्थानको स्थलगत निरीक्षणमा पुगेका राष्ट्रपतिले आँधीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रकट गरेका थिए ।

निरपेक्ष गरीबीको रेखामुनि रहेका त्यहाँका करीब दुई हजार जनतालाई तत्काल सहायता परिचालन गर्न राष्ट्रपतिले सङ्घीय सरकारलाई आदेश दिएका थिए । अस्थायी आवास, घर मरम्मत, बीमा नगरिएको सम्पत्तिको नोक्सानी क्षतिपूर्तिस्वरूप ऋण अनुदानलगायत सुविधा उपलब्ध गराउन उनले आदेश दिएका थिए ।

**आँधीका कारण दश लाखभन्दा बढी क्यानडाली अन्धकारमा**

मन्ट्रियल/एपी

क्यानडाको पूर्वी भागमा शक्तिशाली आँधीले विद्युत् प्रसारण लाइन अवरुद्ध हुँदा दश लाखभन्दा बढी क्यानडाली अन्धकारमा बस्न बाध्य भएका छन् ।

असिनासहितको वर्षाले कठ्याङ्ग्रिने चीसो बढेका बेला बिजुली नहुँदा आँधी प्रभावित भेगका जनता आफूलाई न्यानो पार्न वैकल्पिक उपाय अवलम्बन गर्न बाध्य भएका छन्। बिहीवार बिहानसम्म क्युबेक प्रान्तका दश लाखभन्दा बढी मानिस बिजुलीविहीन भएका विद्युत् सेवाप्रदायक एक कम्पनीले जनाएको छ ।

आँधीले तहसनहस पारेका बोटबिरुवा पन्छाउन तथा तिनका हाँगाबिंगाले भरिएका सडक र थिचिएका संरचना सफा गर्न नगरवासीलाई हम्मेहम्मे परेको छ। अधिक चीसोका कारण उनीहरूलाई थप सकस भएको छ। हिउँले लच्किएका बिजुलीका तार रूखमा लत्रिंदा विद्युत् आपूर्तिमा समस्या भएको छ ।

सहायताका लागि नगरप्रमुख र सुरक्षाकर्मीलाई बारम्बार फोन आएको थियो। यद्यपि उनीहरूले थप सत्कर्म रहन आग्रह गरेका थिए । नगरका प्रमुख भ्यालेरी प्लान्टेले परिस्थिति सामान्य हुने बित्तिकै सरसफाइ तथा जनसहयोगका कामलाई तीव्र गतिमा अघि बढाउने बताएका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – कडाश्रम |
| मिथुन – सुसमाचार | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – खर्चवृद्धि |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – राज्यभय | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### वीरगंज महानगरपालिका कार्यालयको अपील

यस वीरगंज महानगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयलाई शैक्षिकसत्र २०८० बाट जुन शैक्षिक संस्थाबाट जति कक्षाको अनुमति प्राप्त गरेको हो सोही अनुसार मात्रै कक्षा सञ्चालन गर्न गराउनुहुन जानकारी गराइन्छ । अनुगमनको क्रममा वा कहींकतैबाट नियमविपरीत सञ्चालन भए गरेको जानकारी पाइएमा प्रदान गरिएको अनुमति रद्द गरी र अनुमति नपाएको संस्था भए अवैध सूचीमा राखी कारबाहीसमेत हुने बेहोरा जानकारी गराइन्छ। अभिभावकले पनि शैक्षिकसत्र २०८० मा विद्यार्थी भर्ना गर्दा उक्त संस्था अनुमतिप्राप्त रहे नरहेको साथै कुन कक्षासम्म अनुमति प्राप्त गरेको हो । अनुमतिपत्र हेरी यकीन गरी मात्र भर्ना गराउनुहुन अनुरोध छ ।

## लेदर उद्योगमा आगलागी

प्रस, परवानीपुर, २३ चैत/

वीरगंज महानगर–२१ स्थित मरियम लेदर उद्योगमा आगलागी भएको छ ।

बिहीवार अपराह्न सवा चार बजे लागेको आगो दुई घण्टापछि नियन्त्रणमा आएको मजदूरहरूले बताए। प्रारम्भिक जानकारी अनुसार उद्योगको एगजस्ट फ्यानबाट विद्युत् सर्ट भएर उद्योगमा रहेको केमिकलबाट आगलागी भएको थियो ।

आगलागीबाट मेशिन र तयारी छालाहरू जलेर नष्ट भएका छन् । उद्योगका मजदूर, निम्बस दाना उद्योगका मजदूर र वीरगंज महानगरसहितका तीनवटा वारुणयन्त्रको सहयोगले आगलागी नियन्त्रणमा आएको मजदूरहरूले बताए। आगलागीबाट लाखौं मूल्यबराबरको क्षति भएको मजदूरहरूले अनुमान गरे पनि क्षतिबारे यकीन कुरा



तस्वीरः प्रतीक

उद्योग प्रशासनले बताएको छैन । क्षति विवरण सङ्कलन भइरहेको बताइएको छ। आगलागी बीमा दाबीका लागि पनि भएको हुन सक्ने आरोप लगाइँदैछ ।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# हनुमान जयन्तीको अवसरमा झाँकी र आरती



महावीर जयन्तीमा आयोजित महाआरतीमा सहभागीहरू । तस्वीरः प्रतीक

प्रस, वीरगंज, २३ चैत/

हनुमान जयन्ती वीरगंजमा विभिन्न कार्यक्रम गरी धूमधामका साथ मनाइएको छ ।

हनुमान जयन्तीको उपलक्ष्यमा नेपाल बजरङ्ग दलले महानगरमा शोभायात्रा निकालेको थियो । 'जय श्रीराम, जय हनुमान'को नारासहित निकालिएको शोभायात्रामा ठूलो सङ्ख्यामा भक्तजनहरूको सहभागिता थियो। बजरङ्ग दलले निकालेको शोभायात्रामा हिन्दू परिषद्को पनि सहभागिता थियो ।

यसैगरी, हनुमान जयन्तीको अवसरमा वीरगंजको प्रसिद्ध महावीर मन्दिरमा बिहीवार झाँकी र महाआरती कार्यक्रम सम्पन्न भएको छ ।

हनुमान जयन्तीको अवसरमा राम, सीता, लक्ष्मण र हनुमान बनाएर झाँकी प्रदर्शन गरिएको र महाआरतीको आयोजना गरिएको वडाध्यक्ष जयप्रकाश साहले बताए ।

महाआरतीको लागि आज महानगरले सो क्षेत्रको सवारी पार्किङ एक दिनको लागि हटाएको थियो । मन्दिरमा ठूलो सङ्ख्यामा भक्तजनहरूको सहभागिता थियो ।

# खेलकूदको संसार

## लुम्बिनी पिस हाफ म्याराथनको उपाधि दीपक र राजपुरालाई

लुम्बिनी, २३ चैत/रासस

बुद्ध जन्मस्थल लुम्बिनीमा 'शान्ति र समृद्धिका लागि खेलकूद' मूल नारासहित आयोजित लुम्बिनी पिस हाफ म्याराथन प्रतियोगितामा दीपक अधिकारी र राजपुरा पछाइले प्रथम स्थान हासिल गरेका छन् ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीले अन्तर्राष्ट्रिय खेलकूद दिवसका अवसरमा आज २१ किलोमिटरको हाफ म्याराथन प्रतियोगिता आयोजना गरिएको थियो। प्रतियोगितामा पुरुषतर्फ त्रिभुवन आर्मी क्लबका अधिकारीले एक घण्टा छ मिनेट दुई सेकेन्डमा लुम्बिनी वरपरको २१ किलोमिटरको दूरी पूरा गरेका थिए। प्रतियोगिता पुरुषतर्फ प्रथम भएका अधिकारीले रु एक लाख ५० हजार नगद पुरस्कार प्राप्त गरेका छन् ।

यस्तै, महिलातर्फ २१ किमीको दूरी नेपाल प्रहरीकी पछाइले एक घण्टा २४ मिनेट दुई सेकेन्डमा पूरा गरिन् । प्रतियोगितामा महिलातर्फ प्रथम भएकी पछाइले रु एक लाख ५१ हजार नगद, शिल्ड तथा प्रमाणपत्र पाइन् ।

प्रतियोगितामा पुरुषतर्फ एपिएफका गोपीचन्द्र पारखी एक घण्टा छ मिनेट ४६ सेकेन्डमा दूरी पूरा गर्दै द्वितीय भएका छन्। यस्तै, त्रिभुवन आर्मीका मुकेश पाल एक घण्टा सात मिनेट १५ सेकेन्डमा दूरी पार गर्दै तृतीय र त्रिभुवन आर्मीकै नरेन्द्र रावल एक घण्टा सात मिनेट १५ सेकेन्डमा दूरी पार गर्दै चौथो स्थान हासिल गर्न सफल भए ।

महिलातर्फ एपिएफकी विन्द्रा धान्के श्रेष्ठ एक घण्टा २६ मिनेट सात सेकेन्डमा दूरी पूरा गर्दै द्वितीय भइन् । नेपाल प्रहरीकी रेखा विष्ट एक घण्टा २६ मिनेट ११ सेकेन्डमा दूरी पार गर्दै तृतीय र त्रिभुवन आर्मीकी पूर्णलक्ष्मी एक घण्टा २८ मिनेट ३३ सेकेन्डमा दूरी पार गर्दै चौथो भए। दुवै विधामा द्वितीयले रु ७५ हजार र तृतीयले रु ५० हजार र चौथोले रु ३० हजार नगद पुरस्कार प्राप्त गरेका छन् ।

पुरुषतर्फ त्रिभुवन आर्मीका गजेन्द्र राई पाँचौं र महिनदेव जोशी छैटौं, एपिएफका राजेन्द्र तामाङ सातौं एवं त्रिभुवन आर्मीका जीतेन्द्र दनुवार आठौं, प्रेमबहादुर बस्नेत नवौं र टङ्क कामी १०औं स्थान प्राप्त गर्न सफल भएका छन् ।

महिलातर्फ नेपाल प्रहरीकी राममाया बूढा चौथो र एपिएफकी आशा रावल, त्रिभुवन आर्मी क्लबकी निर्मला केसी सातौं एवं खुलाबाट आठौं सुर्खेतकी बिन्दु हमाल, त्रिभुवन आर्मीकी निर्मला पुन नवौं र शारदा शाहीले १०औं स्थान प्राप्त गर्न सफल भए ।

प्रतियोगितामा दुवै विधाका पाँचौंले रु २० हजार, छैटौंले रु १० हजार, सातौंले रु सात हजार, आठौंले रु पाँच हजार र नवौं तथा १०औंले रु पाँच/पाँच हजार नगद पुरस्कार पाए। प्रतियोगिताका विजेतालाई पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले प्रमाणपत्र वितरण गरेका थिए । प्रतियोगितामा देशभरका दुई हजार पाँच सय खेलाडी म्याराथनमा उत्रेका एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले बताए ।

प्रतियोगिताको लुम्बिनीस्थित शान्तिदीपमा नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मशाल बालेर प्रमुख प्रशिक्षकलाई हस्तान्तरण गरेपछि म्याराथन प्रतियोगिता शुरू भएको थियो । मायादेवी प्रवेशद्वारबाट शुरू भएको म्याराथन पर्साचोकबाट पुनः महिलवार हुँदै दुई फन्का लगाएर निर्धारित दूरी पार गरिएको थियो ।

# बैंकको चर्को ब्याजविरुद्ध प्रदर्शन

नितेश कर्ण, वीरगंज, २३ चैत/

वीरगंजमा बैंक, वित्तीय संस्थाहरूको चर्को ब्याजदरविरुद्ध व्यापारीहरूले प्रदर्शन गरेका छन् ।






तस्वीरः प्रतीक

दुर्गा प्रसाईंको राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र मानव बचाऊ अभियान कार्यक्रम अन्तर्गत स्थानीय चार्टर्ड एकाउन्टेन्ट अजय चौरसिया र राप्रपाका नेता नरेश साहको नेतृत्वमा घण्टाघरबाट निकालिएको विरोध ऱ्याली नगरपरिक्रमापछि सोही स्थानमा कोणसभा गरेर सकिएको थियो ।

कोणसभामा चार्टर्ड एकाउन्टेन्ट अजय चौरसियाले बैंकको चर्को ब्याजको शिकार भएर ९० प्रतिशत व्यापारीको घर लिलाममा रहेको बताए । उनले ऋण लिंदा ब्याजदर आठ प्रतिशत रहेको तर अहिले सोही ऋणको ब्याजदर बैंकले १८ प्रतिशतसम्म निर्धारण गरेर असुलउपर गरिरहेको कारण व्यापारीहरूलाई ठूलो मर्का परेको बताए। उनले व्यापारीहरू ऋणको साँवा-ब्याज तिर्न तयार रहेको तर चर्को ब्याज मिनाहा हुनुपर्ने माग राखे। हामीले ऋण तिर्दैनौं भनेका छैनौं तर बैंकहरूले ऋण असुलीका नाममा व्यापारीको घरमा गार्डहरू तैनाथ गरेर मानसिक तनाव बढाएको र कतिपय व्यापारीहरूले आत्महत्या गरेको बताए। उनले पछिल्ला समयमा आत्महत्याको प्रमुख कारण बैंकको ताकेता रहेको बताए। चौरसियाले बैंकको ब्याजदर एक अङ्क अर्थात् नौ प्रतिशतमुनि हुनुपर्ने तर्क गरे। राप्रपाका नेता नरेश साहले रु बीस लाखसम्मका ऋणीहरूको ऋण माफी गरिनुपर्ने बताए। उनले बैंकको ताकेताका कारण कतिपय व्यापारीहरू सीमापारि र जङ्गलमा लुकेर बस्न बाध्य भएका बताए ।

बैंकको चर्को ब्याजदरविरुद्ध यसअघि वीरगंज उद्योग वाणिज्य सङ्घले तीन महीनाअघि विरोध प्रदर्शन गरेको थियो। तत्कालीन अवस्थामा अर्थमन्त्रीको आश्वासनमा विरोध मत्थर भएको तर व्यापारीको माग सम्बोधन नभएपछि सङ्घले पुनः आन्दोलन नगरेपछि स्थानीय व्यापारीहरू आन्दोलनमा उत्रिएका हुन् ।

### गुठीको थप साढे ...

१३ कट्ठा जग्गा नापजाँच गरेर सीमाङ्कन गरिएको गुठी संस्थान कार्यालय, पर्साका प्रमुख चुडामणि घिमिरेले बताए ।

महानगरले हिजो ११ बिघा १३ कट्ठा जग्गा नापजाँच गरेर सीमाङ्कन गरेको थियो। आज सीमाङ्कन गरिएको जग्गामा दुई सयभन्दा बढी घर बनाएर मानिसहरू बसेका थिए ।

महानगरपालिकाले संस्थानको आग्रहमा प्राविधिक टीम र आवश्यक जनशक्ति खटाएर जग्गा छुटयाउने काम शुरू गरेको हो ।

# वडाध्यक्ष चौधरी धरौटीमा छुटे



वडाध्यक्ष नन्दकिशोर चौधरी

प्रस, निजगढ, २३ चैत/

बाराको कोल्हवी नगरपालिका-५ का अध्यक्ष नन्दकिशोर चौधरी बिहीवार रु दुई लाख धरौटीमा छुटेका छन् ।

बारा जिल्ला अदालतले आज सुनवाइपछि वडाध्यक्ष चौधरीसँग रु दुई लाख धरौटी माग गरेको थियो । अदालतले माग गरे अनुसारको धरौटी बुझाएर आजै उनी रिहा भएको अदालतका श्रेस्तेदार नवराज जोशीले बताए ।

वडाध्यक्ष चौधरीलाई सोही वडाको रामवनस्थित राष्ट्रिय वन क्षेत्रको साढे पाँच हेक्टर वन क्षेत्रमा तारबार गरी लगाइएका टिक, मसलालगायत अन्य प्रजातिका बोटबिरुवा, लाथ्रा काटेर त्यहाँ लगाइएको तारबारमा क्षति पुऱ्याएको कसूरमा डिभिजन वन कार्यालय, बाराले फागुन २७ गते पक्राउ गरी उनीविरुद्ध मुद्दा दर्ता गरेको थियो ।

पटकपटक गरी २४ दिनसम्म म्याद थप भएर हिरासतमा रहेका वडाध्यक्ष चौधरी आज धरौटीमा रिहा भएका हुन् ।

# जनताको अभिमतलाई अपमान गर्नेले मत पाउँदैन -नेता पौडेल

प्रस, वीरगंज, २३ चैत/



नेकपा एमालेबाट बारा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार पुरुषोत्तम पौडेलले बाराको सानो हावाले छातालाई उडाएर सप्तरीमैं पुऱ्याइदिने बताएका छन् ।

नेकपा एमाले करैयामाई गाउँपालिका कमिटीको विस्तारित बैठकमा उनले बारा क्षेत्र नं २ लाई खोसेर सप्तरी लैजाने षडचन्त्र भइरहेको आरोप लगाए। उनले जनताको अभिमतको अपमान गर्नेलाई जनताले मत नदिने बताए। नेता पौडेलले मङ्सिरमा जसपाका उम्मेदवारलाई मत दिएर जिताए, जितेका सांसदले राजीनामा दिएर उपराष्ट्रपति बन्न गए, त्यसैले जनताको अभिमतको जसपाले अपमान गरेको बताए । पौडेलले भने- उपेन्द्रजीले मोरङमा जितेर के गर्नुभयो ? सप्तरीमा काम नगरेको भएर जनताले हराएर पठाए, अब बारामा आउनुभएको छ, यहाँका जनताले पनि फिर्ता पठाउनेछन् ।

गाउँपालिका कमिटीका अध्यक्ष धीरेन्द्र चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा एमाले पोलिटब्युरो सदस्य ज्वालाकुमारी साह, अच्युत मैनाली, केन्द्रीय सदस्य बलवीर चौधरी, सरस्वती चौधरी, प्रदेश कमिटी सदस्य देवनारायण चौधरी, त्रिलोकी चौधरी, मनोज पौडेल, रवीन्द्रदास श्रेष्ठ, दशरथ राम, भुलन चौधरी, रवीन्द्र खकुरेललगायतको सहभागिता थियो ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | आयुर्वेद चिकित्सालय | स्वास्थ्य शिविर | ज्येष्ठ नागरिक पार्क वीरगंज-१५ | ९:०० |


## सचेत नागरिकको पुण्य काम, मृत्युपछि अङ्गदान

- मानिस जीवित हुँदा आफैंले र मृत्युपछि आफन्तले अङ्गदान गर्न सक्छन् ।
- मृत शरीरको दुईवटा मिर्गौला, दुईवटा फोक्सो, मुटु, कलेजो, प्याङक्रियाज र सानो आन्द्रासमेतको अङ्गदान गरी आठजनासम्मको ज्यान बचाउन सकिन्छ ।
- मस्तिष्क मृत्यु (Brain Death) भएका व्यक्तिको पनि अङ्ग लिन मिल्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

